का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० वैशाख २०८०,
आइतबार
23 April 2023,
Sunday


मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ८७ । पृष्ठ १०  Madhyanha National Daily  www.madhyanhadaily.com




## खगराजको राजनीति

# दोहोरिएको नियति

केन्द्रमा बदलिएको सत्ता समीकरणका कारण गण्डकीका मुख्यमन्त्री अधिकारी साढे तीन महिनामै सत्ताबाट हट्नुपर्ने परिस्थिति बनेको हो । यसअघि केन्द्र सरकारको गृहमन्त्री बनेका बेला उनी १३ दिनमै पदच्यूत भएका थिए ।

**विकास लम्साल/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

एमाले नेतृत्वको गण्डकी प्रदेश सरकार ढलेको छ । मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशसभाबाट विश्वासको मत पाउन सकेनन् । माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि संवैधानिक बाध्यताका कारण अधिकारीले शनिबार प्रदेशसभाबाट विश्वासको मत लिएका थिए ।

तर, विश्वासको मत लिंदा उनले जम्मा २४ मत मात्रै पक्षमा पाए । यस्तै विपक्षमा ३५ मत पर्यो । प्रदेशसभामा भएको भोटिङमा जम्मा ५९ मत खसेको थियो । ६० सदस्यीय प्रदेश सभामा विश्वासको मतका लागि ३१ सांसदको समर्थन आवश्यक हुनेमा मुख्यमन्त्री अल्पमतमा परेका हुन् ।

यससँगै विश्वासको मतसम्बन्धी मुख्यमन्त्रीको प्रस्ताव अस्वीकृत भएको सभामुखले घोषणा गरे । अधिकारी गत पुस २५ गते एमालेसहित, नेकपा माओवादी केन्द्र र राष्ट्रिय प्रजातन्त्र पार्टीको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका थिए ।

तर, केन्द्रमा एमालेसहितको गठबन्धन परिवर्तन भएपछि गण्डकीमा समेत गठबन्धन परिवर्तन भएको थियो । गण्डकी प्रदेशमा गत चैत १० गते माओवादी केन्द्रले मुख्यमन्त्री अधिकारी नेतृत्वको सरकारबाट हटेर सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।

केन्द्रीय राजनीतिक समीकरण फेरिएसँगै गण्डकी सरकार फेरिने भएको हो । तर, यसमा मुख्यमन्त्री खगराज अधिकारीको



राजनीतिक जीवनमा भने उस्तै खाले नियत्ति दोहोरिन पुगेको छ । केन्द्रमा बदलिएको सत्ता समीकरणका कारण गण्डकीका मुख्यमन्त्री अधिकारी साढे तीन महिनामै सत्ताबाट हट्नुपर्ने परिस्थिति बनेको हो । यसअघि केन्द्र सरकारको गृहमन्त्री बनेका बेला उनी १३ दिनमै पदच्यूत भएका थिए ।

खगराज अधिकारीको राजनीतिक जीवनमा सत्ताका यी केही रोचक संयोग हुन् । यस्ता रोचक संयोग अरु पनि छन् । २०७० सालको दोस्रो संविधान सभाको निर्वाचनमा खगराजले टिकट नै पाएनन् तर समानुपातिकबाट सांसद बने र सत्तामा जाने सौभाग्य पहिलो पटक प्राप्त गरे । प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारमा स्वास्थ्य तथा जनसंख्या मन्त्री भए ।

२०७४ सालमा चुनाव जिते पनि नेकपा हुँदा सरकारको मन्त्री हुने अवसर खगराजले पाएनन् । एमाले-माओवादी मिलेर बनेको नेकपामा मन्त्री बन्ने कुनै गुञ्जायस नभएका खगराज नेकपा विभाजनको चरम उत्कर्षका बेला केपी शर्मा ओलीले गृहमन्त्री बनाए । जेठ २७ गते गृहमन्त्री बनेका खगराज १३ दिनमै पदच्यूत भए ।

संघ र प्रदेशमा ५ दलीय गठबन्धन सत्ता साझेदार हुँदै चुनावमा जाँदा मुख्यमन्त्रीको सपनासहित २०७९ को निर्वाचनमा खगराज प्रदेश झरे । एमाले अध्यक्ष केपी शर्मा ओली, महासचिव शंकर पोखरेल लगायत नेताको साथ पाउँदा फेरि प्रदेशको मुख्यमन्त्री हुन चाहेका एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङलाई >>> पृष्ठ २ मा

### ‘गण्डकीमा छिट्टै नयाँ सरकार बन्छ’

नेपाली कांग्रेसको गण्डकी प्रदेशसभा संसदीय दलका नेता सुरेन्द्र पाण्डेले भोलिसम्म नयाँ सरकार बन्ने बताएका छन् ।

शनिबार मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशसभामा विश्वासको मत नपाएर पदमुक्तका छन् । प्रदेशसभाको बैठकपछि पत्रकारहरुसँग कुरा गर्दै पाण्डेले प्रदेश प्रमुखले छिटै सरकार गठनको आह्वान गर्ने र आइतबारसम्म नयाँ सरकार बन्ने बताएका हुन् ।

‘प्रदेश प्रमुखले संविधान अनुसार सरकार गठनको आह्वान गर्नुहुन्छ, दोस्रो कुरा भनेको गठबन्धन दलहरुबीचको सहमतिको कुरा हो’ उनले भने । अब संविधानको धारा >>> पृष्ठ २ मा



# अर्थपूर्ण उपनिर्वाचन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा)का अध्यक्षद्वय नै चुनावी मैदानमा छन् । रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि खाली भएको स्थानमा चुनाव हुँदैछ । शीर्ष नेताहरु नै चुनावी मैदानमा भएकाले पनि उपनिर्वाचन अर्थपूर्ण छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ वैशाख ।

बारा २, चितवन २ र तनहुँ १ मा आज (आइतबार) बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान छ । निर्वाचन आयोगले आफ्नो तोकिएको मतदान केन्द्रमा उपस्थित भई मतको सदुपयोग गर्न आह्वान गरेको छ ।

आयोगले मतदानका दिन सम्बन्धित जिल्लामा आवागमन र सवारी साधन सञ्चालनका लागि स्थानीय प्रशासनले तोकेबमोजिम हुने गरी गर्न निर्देश गरेको जनाएको छ । मतदानका समयमा मौसमी प्रतिकूलताबाट हुन सक्ने प्रभावको पूर्व तयारीका लागि त्रिपाल लगायतका सामग्रीको बन्दोबस्त गरिएको छ ।

‘निर्वाचनको स्वतन्त्रता र निष्पक्षतामा कहीँ कतैबाट प्रश्न उठाउन सक्ने अवस्था सिर्जना नहोस् भन्ने ध्येयले मतदान हुने दिन मतदान कार्य सञ्चालन गर्न खटिएका मतदान अधिकृत र कर्मचारीलाई आफ्नो कर्तव्यपालन गर्न नदिने, बल प्रयोग गरी वा डर त्रास देखाइ मतदान केन्द्र कब्जा गर्न खोज्ने, कुनै मतदातालाई बाटो वा गौडा छेकी मतदान केन्द्रमा जान नदिने, मतपत्र, मतपेटिका वा मतदान सामग्री खोस्न, लुट्न, नष्ट गर्न वा कब्जामा लिन खोज्ने, वादविवाद, हुलहुज्जत वा असामान्य परिस्थिति सृर्जना गर्ने वा गराउन खोज्ने जो कोहीलाई प्रचलित कानून बमोजिम कारबाही गरी मतदान कार्यलाई निर्वाधरूपमा सम्पन्न गर्न सम्बद्ध निकायलाई निर्देशन दिई सकिएको छ’, आयोगले शनिवार निकालेको विज्ञप्तिमा भनिएको छ ।

आयोगले निर्वाचनलाई कुनै पनि अवाञ्छित गतिविधिबाट प्रभावित हुन नदिन दृढ संकल्पित रहेको पनि जनाएको छ । उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा भयमुक्त वातावरणमा सम्पन्न गर्ने कार्यमा सबैको सकारात्मक सहयोग र इमान्दार प्रयत्न हुनेछ भन्ने विश्वास लिएको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ, ‘उपनिर्वाचन व्यवस्थापनको सन्दर्भमा राजनीतिक दल, उम्मेदवार, मतदाता, नागरिक समाज र आमसञ्चारमाध्यम लगायत सबै सरोकारवालाहरूको सहयोग र सहभागिताबाट निर्वाचन सम्पन्न हुनेमा आयोग विश्वस्त रहेको छ ।’

उपनिर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा)का अध्यक्षद्वय नै चुनावी मैदानमा छन् । रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएपछि खाली भएको स्थानमा चुनाव हुँदैछ । शीर्ष नेताहरु नै चुनावी मैदानमा भएकाले पनि उपनिर्वाचन अर्थपूर्ण छ ।

कतिपयले उपननिर्वाचनमा धाँधलीको आशंका गरेका छन् । सत्ता गठबन्धनमै आबद्ध जनमत पार्टी र सरकारलाई समर्थन दिएको राष्ट्रिय स्वतन्त्र >>> पृष्ठ २ मा



### निर्वाचन हुने क्षेत्रमा सार्वजनिक बिदा

उपनिर्वाचन हुने तीनवटा निर्वाचन क्षेत्रमा आइतबार सार्वजनिक बिदा दिइएको छ ।

गृह मन्त्रालयले सूचना जारी निकालेर बारा जिल्ला क्षेत्र नं २, चितवन जिल्ला क्षेत्र नं २ र तनहुँ जिल्ला क्षेत्र नं १ मा सार्वजनिक बिदा दिइएको जनाएको छ ।

मतदानस्थल रहेका विद्यालय तथा सरकारी निकायमा भने तीन दिन ( वैशाख ८ गतेदेखि १० गतेसम्म) बिदा दिइएको छ ।

## बढ्दो प्रदूषण

# ‘सरकारी बेवास्ताले समस्या बढ्यो’



हावाको प्रदूषण मापन गर्ने एयर भिजुअल सूचक आइक्यू एयरले काठमाडौंलाई संसारकै प्रदूषित सहरको सूचीको पहिलो स्थानमा राखेपछि देशभरि नै त्रास फैलियो । बढ्दो प्रदूषणले मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने भन्दै अत्यावश्यक कामबिना र मास्कबिना बाहिर ननिस्किन चिकित्सकले अनुरोध गरे । तरपनि, बढ्दो प्रदूषणले मानवजीवनमा पत्यक्ष असर पारिरहेकै छ । श्वासप्रश्वासमा समस्या, मुटुको समस्या र मानिसलाई अन्य नयाँ रोगले सताउँदा अस्पतालमा बिरामीको संख्या बढिरहेको छ । नेपाल र भारतमा बालेको पराल, गहुँको आगो, जंगलमा भएको आगलागी र सवारीसाधनबाट निस्किएको धुँवाले प्रदूषण बढेको विज्ञहरुले बताउँदै आएका छन् । मानव जीवनमा प्रत्यक्ष असर पारेको प्रदूषण नियन्त्रणमा सरकारले पनि अरबौं बजेट सकिसकेको छ । तरपनि, प्रदूषणको मात्रा दिनहुँ बढिरहेको छ । सोही विषयमा केन्द्रित रहेर वातावरणविद् **भूषण मानन्धर**सँग मध्यान्हका लागि **कान्ति न्यौपाने**ले गरेको अन्तर्वार्ताको सम्पादित अंश:

**एयर भिजुअल सूचक आईक्यू एयरले काठमाडौंलाई संसारकै प्रदूषित सहरको सूचीको पहिलो स्थानमा राख्यो, यसलाई यहाँहरुले कसरी हेर्नुभएको छ ?**

यो एकदमै चिन्ताजनक विषय हो र अस्वभाविक पनि । प्रदूषण त पहिलेबाटै थियो तर अहिल भने मात्रा बढेको हो । हामी सबैलाई थाहा छ पछिल्लो दिनमा वायुप्रदूषणको वृद्धि आगालागी र सवारी प्रदूषणबाट भएको छ । जसले सामाजिक, आर्थिक, स्वास्थ्यदेखि लिएर सबै क्षेत्रमा प्रभाव पार्दछ । विश्वमा करिब वर्षेनि ७० लाख मानिसको मृत्युको कारक भनेको वायु प्रदूषण मानिन्छ । त्यसमा पनि धेरैजसो मृत्यु हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा बढी हुनेगरेको पाइन्छ ।

सामान्यतया हावामा नाइट्रोजन, अक्सिजन, कार्बनडाइअक्साइड हुन्छ । यो एउटा कम्पोजिसनमा मिलेर बसेको हुन्छ । त्यो कम्पोजिसनमा फेरबदल भयो भने त्यो हावा प्रदूषित हुन्छ । कत्तिसम्म फेरबदल भयो भने हाम्रो स्वास्थ्यमा असर पर्ला/नपर्ला त्यो हेर्नुपर्छ । त्यसको लागि डब्लुएचओले मापदण्ड समेत तोकेको छ । तर, त्यसको पालनामा नागरिकदेखि सरकारी स्तरबाट समेत सचेतना नअपनाउँदा वायुप्रदूषणको समस्या झनै जटिल बन्दै गएको छ ।

**नेपालमा वायुप्रदूषणको कस्तो/कस्तो असर देखिँदै आएको छ ?**

फोहोर, कृषिजन्य अवशेष, आगो ताप्ने गर्नाले प्रदूषणको मात्रामा बृद्धि हुन्छ । अर्को प्रमुख कारण इन्भर्सन भनिने वायुमण्डलमा हावाको प्रसार थुनिने अवस्था पनि हो । जमिनको सतहभन्दा माथिको हावा न्यानो भएर माथितिर बहन नपाउँदा हावा ढकनले ढाकेजस्तो बनेको छ । जसले गर्दा उपत्यकाको प्रदूषित हावा चार भञ्याङ कटेर बाहिरिन पाएको छैन। यदि बादल नलागेको अवस्था हुने थियो भने पश्चिमबाट चलेको हावाले काठमाडौंको प्रदूषित वायुलाई स्वाट्टै सोहरेर साँगा भञ्याङ कटाइदिन्थ्यो ।

नेपालको हकमा पनि यसको असर ठूलो मात्रामा देखिन्छ। हेल्थ इफेक्ट इन्स्टिच्युटले गरेको सन् २०१९ को >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### कतार र मलेसियाबाट आउने रोजगारीको अवसर खुम्चिँदै

# किन घट्यो नयाँ कामदारको माग ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ वैशाख

केहि समय यता बैदेशिक रोजगारका लागि आउने नयाँ माग घट्दो अवस्थामा देखिएको छ । यसरी नयाँ मागहरु किन घट्यो भन्ने प्रश्न संवन्धित क्षेत्रहरुमासमेत उठ्न थालेको छ । वैदेशिक रोजगारीमा फागुन महिनामा जाने नेपालीको संख्या र चैत महिनामा जानेको संख्या हाराहारीमा देखिएको छ । फागुन महिनामा संस्थागत, व्यक्तिगत, जी टु जी प्रक्रिया र पुनः श्रम स्वीकृतिबाट ६१ हजार ४ सय ४५ जना वैदेशिक रोजगारीमा गएकोमा चैत महिनामा उक्त संख्या ३३ जनाले बढी ६१ हजार ४ सय ७८ रहेको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत चैत महिनामा ५६ हजार ३ सय ४३ जना पुरुष र ५ हजार १ सय ३५ महिलाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका छन् । विभागका अनुसार चैत महिनामा संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत सबैभन्दा बढी मलेसियामा १२ हजार १ सय १३, साउदी अरेबियामा ६ हजार ९०, यूएईमा ३ हजार ९ सय ८३ जना गएका छन् ।

तर कतारको रोजगारीमा भने अस्वभाविकरूपमा कमी आएको छ । विश्वकप फुटबल अघि मासिक १२ देखि १५ हजारको हाराहारीमा नेपाली कामदार जाने गरेको कतारमा चैत महिनामा जम्मा १ हजार ९ सय ५७ जना गएका छन् । कतारमा विश्वकप फुटबलपछि अर्थतन्त्र सुस्ताएको कारणले विदेशी कामदारको माग अनपेक्षितरूपमा घटेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । पुनः श्रम स्वीकृतिका माध्यमबाट >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१० वैशाख २०८०, आइतबार
23 April 2023, Sunday

# मुस्लिम समुदायले मनायो इद उल फित्र

इसत्याक अहमद / मध्यान्ह
रौतहट, ९ वैशाख

अरबी पात्रो हिजरी संवत् अनुसार दशौँ महिना (सौवाल)को पहिलो दिन शनिबार देशभरका मुस्लिम समुदायले नमाज पाठ गर्नुका साथै आफ्ना ठूलाबडाबाट आशिर्वाद लिएर इद उल फित्र पर्व मनाएका छन् ।

दशौं महिनाको पहिलो दिन नमाज पाठ सकेपछि तीन दिनसम्म आफ्ना मान्यजनबाट आशिर्वाद लिइन्छ । यस पर्वमा आफूभन्दा सानालाई आशिर्वाद दिने र आशिर्वाद लिन



आउने आफन्तलाई सेवई, खजुरलगायत मिठा खानेकुरा खान दिने चलन रहेको छ ।

खुसीपूर्वक दान गरेर गरिबलाई बाँडिने भएकाले यो पर्वलाई इद उल फित्र भनिएको हो । अरबिक पात्रोअनुसार नवौँ महिनाको अन्तिम दिन चन्द्रमा देखिएपछि इद उल फित्र मनाउने कार्यक्रम तय हुने भएका कारण यस वर्ष शुक्रबार बेलुकी चन्द्रमा देखिएकाले शनिबार यो पर्व मनाइएको हो ।

अरबिक पात्रोअनुसार कुनै पनि महिना ३१ दिनको नहुने भएकाले सोमबार बेलुकी अर्थात् ३० औं दिन चन्द्रमा नदेखिए पनि त्यसपछिको दिनलाई १०औं महिना मानिन्छ ।

# मण्टेश्वरी एशोसिएसन बाँकेको दोस्रो अधिवेशन सम्पन्न

पवन जायसवाल / मध्यान्ह
नेपालगन्ज,९ वैशाख

मण्टेश्वरी एशोसिएसन बाँकेको दोस्रो अधिवेशन शनिबार सम्पन्न भएको छ । बाँकेकी अध्यक्ष लुना बुढाथोकीको अध्यक्षमा सम्पन्न दोस्रो अधिवेशनको वरिष्ठ पत्रकार तथा एशोसिएसनका सल्लाहकार पूर्णलाल चुकेले पानसमा बत्ती बालेर उद्घाटन गरेका थिए । एशोसिएसनकी कोषाध्यक्ष खिमा थापामगरद्वारा सञ्चालित कार्यक्रममा सचिव दुर्गा बजगाईंले स्वागत मन्तव्य राख्दै बाँकेमा मण्टेश्वरी एशोसिएसनको उद्देश्यको बारेमा प्रकाश पारेकी थिइन् ।

कार्यक्रममा एशोसिएसनका सल्लाहकार एवं वरिष्ठ पत्रकार चुकेले १ सय १५ वर्ष अघि मारिया मण्टेश्वरीले ल्याएको अवधारणा अनुसारको शिक्षण विधि, पद्दति र सिकाइबाट कलिला बालबालिकाको भविष्य उज्वल गराउन सहायक सिद्ध हुने बताए । मंगल प्रसाद महिला कलेजका प्रमुख तथा सल्लाहकार रविन्द्र कर्णले तालिम दिन आफू हर समय सहयोग गर्ने प्रतिवद्धता जनाए ।

गैर सरकारी संस्था महासंघ नेपाल बाँकेका सदस्य रमेश सिटौलाले गैसस महासंघ र एचसीआरसी हस्पिटलको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर



गर्नका लागि तयार रहेको बताए ।

शिक्षाविद् किरण आचार्य, साहित्यकार, कथाकार तथा नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाह, नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँके अध्यक्ष मधु खड्का, बासकी केन्द्रीय उपाध्यक्ष शिव कुमार वर्मा, दिदी बहिनी समाजकी अध्यक्ष रमा शाह, मानवता समाज नेपाल बाँके उपाध्यक्ष सुमन गिरी लगायतले मन्तव्य राख्दै मण्टेश्वरी चलाउनु जस्तो कठिन र चुनौतीपूर्ण काम अरु केही नभएको बताएका थिए ।

कार्यक्रममा मण्टेश्वरी एशोसिएसन बाँकेकी सचिव प्रभा थापामगरले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । 'बालबालिकाको पहिलो प्राथमिकता मण्टेश्वरी विधिमा केन्द्रित गराउनु हो' भन्ने मूल नारालाई आत्मसात गर्दै मण्टेश्वरी पद्दतिको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०७४ साल पुस २१ गतेका दिन बाँकेमा संस्थागत रुपमा 'मण्टेश्वरी एशोसिएसन बाँके' गठन गरिएको थियो । संस्थापक अध्यक्ष लुना बुढाथोकीले तदर्थ समितिदेखि अहिलेसम्म सम्पूर्ण जिम्मेवारी बहन गर्दै एशोसिएसनलाई गतिशील बनाउने काम भएको बताइन् ।

उनले कोहलपुर नगरपालिकामा अभिभावक भेला तथा अभिभावक शिक्षा कार्यक्रम, शिक्षकहरुको क्षमता अभिवृद्धि तालिम, हरितालिका पर्वको विशेष कार्यक्रम, कोहलपुरमा एशोसिएसनमा आवद्ध ११ वटा मण्टेश्वरी विद्यालयहरुको सहभागितामा मण्टेश्वरी विधि प्रदर्शनी कार्यक्रम, नेपालगन्जमा एशोसिएसनमा आवद्ध विद्यार्थीहरुको उपस्थितिमा खेल प्रदर्शनी कार्यक्रम, नेपालगन्जमा एशोसिएसनका पदाधिकारी र स्मार्ट किड्स कम्पनी काठमाडौंका पदाधिकारीहरुका बीचमा शैक्षिक सामग्रीहरुको प्रयोग र प्रभावकारिता विषयक अन्तरक्रिया लगायत थुप्रै कार्यक्रमहरु सम्पन्न गरेको जानकारी दिइन् ।

कार्यक्रममा बेबी ब्लुम मण्टेश्वरीका शिक्षिकाद्वारा नृत्य, साइनिङ्ग स्टार मण्टेश्वरी खजुरा, नोवेल प्रि मण्टेश्वरीकी शिक्षिका प्रियन्सी चौधरीले थारु भेषभूषाको पहिरनमा नृत्य प्रस्तुत गरिएको थियो ।

अध्यक्ष लुना बुढाथोकीले मण्टेश्वरी एशोसिएसन बाँकेका पदाधिकारी तथा सदस्यहरुलाई मायाको चिनो प्रदान गरेकी थिइन् भने पदाधिकारीको तर्फबाट अध्यक्ष लुना बुढाथोकीलाई पनि मायाको चिनो प्रदान गरिएको थियो ।

अधिवेशनमा बेवी ब्लुम मण्टेश्वरी, क्रियटिभ चिल्ड्रेन होम, स्माल हेभेन मण्टेश्वरी, लिटिल होराइजन, पव्लिक मण्टेश्वरी, खुशीघर मण्टेश्वरी, साइनिङ्ग स्टार मण्टेश्वरी खजुरा, ग्रेस मण्टेश्वरी, नोवेल प्रि मण्टेश्वरी, दि नेपालगन्ज पब्लिक लगायतको सहभागिता रहेको थियो ।

**बजगाईंको अध्यक्षतामा नयाँ समिति**

अधिवेशनले दुर्गा बजगाईंको अध्यक्षतामा नयाँ कार्यसमति चयन गरको छ । एशोसिएसनको उपाध्यक्षमा प्रभा थापामगर, सचिवमा खिमा थापा मगर, सह-सचिवमा शकुन्तला मल्ल, कोषाध्यक्षमा सीता पौडेल, सह-कोषाध्यक्षमा निशा शर्मा देवकोटा रहेका छन् । त्यसैगरी सदस्यमा निता गुप्ता, कल्पना पौडेल र आशार रोकाय रहेका छन् ।

# 'जंकफुड' रोक्न विद्यालयमा पोषण कर्नर

सरिता पराजुली / मध्यान्ह
जुम्ला, ९ वैशाख

जुम्लाको चन्दननाथ नगरपालिका वडा नं. ८ मा रहेको भगवती आधारभुत विद्यालय जातिभिडमा पोषण कर्नर स्थापना हुने भएको छ । उक्त विद्यालयमा पोषण कर्नर सञ्चालनमा ल्याउने नगरपालिकाको तयारी छ ।

चन्दननाथ नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा र बहुक्षेत्रीय पोषण योजनाले विद्यालयमा पोषण कर्नर स्थापना गर्न लागेको हो । विद्यार्थीहरुको जनचेतना वृद्धि गर्ने उद्देश्यसहित पोषण कर्नर सञ्चालनमा ल्याउन लागिएको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख खडानन्द चौलागाईंले बताएका छन् । उनका अनुसार पोषण कर्नरमार्फत दैनिकरुपमा खानुपर्ने खानाहरु प्रत्यक्ष देखाउने तथा विद्यालय हाताभित्र पोषणयुक्त बालिको खेती गरी देखाइने छ ।

चन्दननाथ नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखा जुम्लाको आयोजनमा विद्यालयमा करेसा बारी स्थापनाका लागि विद्यालयका शिक्षक, जनप्रतिनिधि र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गराइएको उनले बताए ।

बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउँदै सुपोषित बालबालिका बनाउने लक्ष्य राखिएको चौलागाईंले बताए । विद्यालयमा खुवाइने दिवाखाजामा प्रयोग हुने अन्य खाजाको सट्टामा स्थानीय स्तरमै पाइने अन्नको परिकार बनाएर खुवाउने विषयमा अभिभावक र शिक्षकलाई जानकारी गराइएको शिक्षा युवा तथा खेलकुद शाखा जुम्लाका प्राविधिक सहायक उमादेवी उपाध्यायले बताइन् ।

उनका अनुसार अभिभावकलाई विद्यालयमा आउने बालबालिकालाई खाजा दिँदा घरमै उत्पादन भएका अन्नबाट बनेका परिकार बाहेक प्याकेजिङ गरिएका खानेकुरा 'जंकफुड' नदिन जानकारी गराइएको छ ।

बहुक्षेत्रीय पोषण कार्यक्रमका सहजकर्ता भावना खत्रीले सबैको घरमा करेसाबारी स्थापना गरी बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउने लक्ष्य रहेको बताइन् । यो कार्य विद्यालयस्तरबाट शुरुवात गर्न खोजिएको उनको भनाइ छ ।

यता भगवती आधारभुत विद्यालयका प्रधानाध्यापक भीमबहादुर थापाले विद्यालयस्तरबाट पोषण कर्नर स्थापना हुनु सवल पक्ष भएको बताए । विद्यालयबाट सिकेका कुरा विद्यार्थीले घरमा गएर सिकाउने भएकाले पोषण कर्नर स्थापना महत्वपूर्ण भएको उनले बताए । नगरपालिकाभित्र रहेका १९ वटा विद्यालयमध्ये भगवती आधारभुत विद्यालयबाट यो कार्यको थालनी हुनुले बालबालिकाको पोषण अवस्थामा सुधार आउने उनको भनाइ छ ।

## अर्थपूर्ण...

पार्टीले आइतबार हुने उपनिर्वाचनमा सत्ताको दुरुपयोग र धाँधलीको आशंका गरेका छन् ।

जनमत पार्टीका अध्यक्ष सीके राउतले वक्तव्य नै निकालेर सरकारको तर्फबाट धाँधलीको सुरुआत भएको र बारा २ मा जसपा उम्मेदवार उपेन्द्र यादव जिताउन प्रहरी प्रशासन समेत प्रयोग भएको आरोप लगाएका छन् । राउतले केही मतदान केन्द्रको नामै उल्लेख गरे ती ठाउँमा कब्जा हुने निश्चित रहेको भन्दै पत्रकार गुहारेका छन् । राउतले सर्वदलीय बैठकमा जनमत पार्टीका कार्यकर्तामाथि कुटपीट हुँदा समेत प्रहरी प्रशासनले उल्टै गठबन्धनकै पक्ष लिएको आरोप लगाएका छन् ।

सरकारलाई नै समर्थन गरिरहेको रास्वपाले पनि निर्वाचनको निष्पक्षमाथि प्रश्न उठाएको छ । विशेषगरी तनहुँ १ का बुथ कब्जादेखि फर्जी मतदानसम्मका विगतका हर्कत यसपटक पनि दोहोरिन सक्ने भन्दै अनुगमनकर्तालाई सबै मतदान केन्द्रमा पुग्न आग्रह गरेको छ । एसपीको कमाण्ड खोसेर एसएसपी खटाइएको तथा बाहिरी व्यक्तिहरुलाई ग्रामिण क्षेत्रमा भित्र्याइएको भन्दै निर्वाचनको निष्पक्षतामाथि प्रश्न उठेको सो पार्टीका तनहुँ जिल्ला सचिव सुर्यमणी पौडेलले बताएका छन् ।

## खगराजको...

पछि पार्दै खगराजले प्रदेशको टिकट ल्याए ।

अघिल्लो चुनावका सहयात्री माओवादी सांसद दीपक कोइरालालाई हराउँदै खगराज कास्की-१ (१)बाट निर्वाचित भए तर एमाले नेतृत्वमा सरकार बन्ने सम्भावना देखेका थिएनन् । उनले एमाले प्रतिपक्षमै रहने बताइरहेका थिए । तर, केन्द्रमा एकाएक सत्ता समीकरण परिवर्तन भएर पुस १० गते एमालेको समर्थनमा प्रचण्ड प्रधानमन्त्री भएसँगै प्रदेशमा पनि एकाएक खगराज मुख्यमन्त्री बन्ने सम्भावनाको ढोका खुल्यो ।

एमाले, माओवादी, राप्रपा र स्वतन्त्र सांसद दीपक मनाङेसहित ३३ सांसदको समर्थन जुटाएर पुस २५ गते खगराज मुख्यमन्त्री नियुक्त भए । पुस २९ गते नै मुख्यमन्त्री खगराजले विश्वासको मत लिएका थिए । तर, एमाले, माओवादी लगायत सत्ता गठबन्धनले खगराजलाई पूरै कार्यकालको मुख्यमन्त्री दिने भागबण्डा गरेको थियो । तर, केन्द्रमा समीकरण बदिलिएपछि उनी साढे तीन महिना मै सत्ताच्यूत हुन पुगे ।

## गण्डकी...

१६८ (२) अनुसार दुई वा दुई भन्दा बढी दलको सहमतिमा मिलिजुली सरकार बन्छ कि १६८ (३) अनुसार ठूलो दलको नेताको हैसियतमा कांग्रेस संसदीय दलका नेतालाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्छन् भन्ने अन्योल छ ।

यससम्बन्धी प्रश्नमा पाण्डेले भने, '१६८ को धारा २, ३, ४ तिर म जान्न । प्रदेश प्रमुखले संविधान पढ्नुहुन्छ, उहाँले जे आह्वान गर्नुहुन्छ, त्यही अनुसार अगाडि बढ्छौं ।' कहिलेसम्म नयाँ सरकार बन्छ भन्ने प्रश्नमा उनले भने, 'मलाइ लाग्छ, भोलिसम्म बन्छ ।'

## बढ्दो...

अध्ययनले करिब ४२ हजार १ सय जनाको मृत्यु भएको देखाएको थियो । वायु प्रदूषणले सिधै मानिसको मृत्यु हुने होइन । बरु, कसैको ह्रदयघात, फोक्सो सम्बन्धी समस्याले मृत्यु हुनेगर्दछ । नेपालमा मात्रै होइन, विश्वमै ४० प्रतिशत मृत्यु वायु प्रदूषणका कारण हुनेगरेको मानिन्छ ।

विश्व वायुको अवस्था, २०२० प्रतिवेदनका अनुसार पनि वायु प्रदूषणले मधुमेह, मुटु र फोक्सोका बिरामीमा देखिएको कोभिड-१९ को असरलाई थप गम्भीर बनाउन सक्छ । तसर्थ, हामी सबै निकाय जिम्मेवार भएर प्रदूषणको मात्रामा कमी ल्याउने उपाय खोज्नुको विकल्प देखिदैंन ।

**वायुप्रदूषणको असर नियन्त्रणका लागि के गर्नुपर्ला ?**

वायुप्रदुषण गराउन आन्तरिक र बाह्य धेरै कारण छन् । जसमा दाउराको चुलो, सवारीसाधन, इट्टाभट्ट र आगलागीको ठूलो प्रभाव रहेको छ । त्यस्तै, वायु प्रदूषण कम गर्न सर्वसाधारणको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहन्छ । आफ्नै घरबाट, आफुले गर्ने प्रदूषण घटाउने, एक्पोजर घटाउने, आवाज उठाउने र जनचेतना फैलाउने काम पनि गर्नसकिन्छ । घरभित्रको वायु प्रदूषण कम गर्न सुधारिएको चुल्हो र बायो ग्याँसको प्रयोगमा ध्यान दिनु अत्यावश्यक छ ।

सडकको धुँवाधुलो नियन्त्रणका लागि विद्युतीय सवारी साधन र साइकलको प्रयोग बढाउने हो भने धेरै हदसम्म प्रदुषण नियन्त्रण गर्न सकिन्छ । सरकारले २०७६ माघमा पारित गरेको काठमाडौं उपत्यका वायु गुणस्तर कार्ययोजनाअनुसार एक्युआई ३०० नाघेमा विपद्को रुप लिने भनिएको छ । सो योजना अनुसार धुँवा फाल्ने सवारी साधनलाई हिडडुलमा रोक, स्थानीय तहका परिचालनमार्फत आगो र फोहोर बाल्न रोक लगाउनुपर्दछ ।

सर्वसाधारण आफैंले सकभर निजी गाडी नचलाउने, आगो नबाल्ने गरेर सहयोग गर्न सक्छन् भने अर्कातिर, अत्यावश्यक काम नपर्दासम्म घरबाहिर नजाने र जानै पर्दा मास्क लगाउने गर्दा पनि प्रदूषणको असरमा कमी आउनसक्दछ ।

## कतार...

कतार जानेको संख्या भने ८ हजार ७ सय ५२ जना रहेको छ । यसले पुरानो काम यथावत भएपनि कतारमा नयाँ रोजगारीको विस्तार हुन नसकेको देखाउँछ ।

मलेसिया जाने कामदारको संख्यामा पनि फागुनको तुलनामा चैतमा करिब ४ हजारले कमी आएको देखिएको छ । फागुनमा १६ हजार ७ जना मलेसिया गएकोमा चैतमा १२ हजार १ सय १३ जना मात्रै गएका छन् । मलेसिया सरकारले यसअघि जारी भएका एप्रुभलअनुसार कामदार नआएको भन्दै नयाँ एप्रुभल जारी गरेको छैन ।

चैत महिनामा कुवेतमा १ हजार ६ सय ६९, रोमानियामा ८ सय ७१, ओमानमा १ सय ५२, उजवेकिस्तानमा १ सय, जोर्डनमा १४, जापानमा ६६, इजरायलमा १६, साइप्रसमा ३ सय ६१, क्रोएसियामा १ सय २२, बहराइनमा २ सय ९९, ब्रुनाईमा २१, अल्बानियामा ११, हङकङमा एक जना, माल्दिभ्समा ३, मरिससमा २ र बेलायतमा ४ जना गरी संस्थागतरूपमा २७ हजार ८ सय ५५ जना वैदेशिक रोजगारमा गएका छन् ।

व्यक्तिगत पहलमा वैदेशिक रोजगारमा जाने नयाँ कामदारको संख्या चैतमा ५ हजार ९ सय ४८ छ । वैदेशिक रोजगार विभागमा दर्ता रहेकामध्ये चैतमा ७ सय १९ वटा म्यानपावर कम्पनीले कामदार पठाउन श्रम स्वीकृति लिएका छन् ।

सरकारी प्रक्रियामार्फत दक्षिण कोरिया जान चैतमा २ हजार २ सय ७५ जनाले श्रम स्वीकृति लिएका छन् ।

यसअघिका महिनामा जस्तै चैतमा पनि सबैभन्दा धेरै धनुषा जिल्लाबाट नै वैदेशिक रोजगारीमा गएका छन् । चैतमा धनुषाका ३ हजार ६ सय ८१, दोस्रो बढी जाने जिल्लाका रूपमा रहेको झापाका २ हजार ८ सय २३, तेस्रोमा रहेको सिरहाबाट २ हजार ५ सय ९२ जना वैदेशिक रोजगारमा गएका छन् । सूचीको चाथौ नम्बरमा रहेको महोत्तरीबाट २ हजार ४ सय ७१, पाँचौं नम्बरमा रहेको मोरङबाट २ हजार ४ सय १२, छैटौं स्थानमा रहेको रुपन्देहीबाट १ हजार ९ सय ३३, सातौं स्थामा रहेको सर्लाहीबाट १ हजार ८ सय ६९, आठौं स्थानको सुनसरीबाट १ हजार ६ सय ६, नवौं स्थानको सप्तरीबाट १ हजार ५ सय ८१ र दशौं स्थानको नवलपरासी पूर्वबाट १ हजार १ सय ११ जनाले श्रम स्वीकृति लिएका छन् ।


# आठवीस नगरपालिका
# नगरपालिकाको कार्यालय
राकम कर्णाली ,दैलेख

**सिलबन्दी दरभाउपत्र आवह्नानको सूचना**

**प्रकाशित मिति : २०८०।०१।१०**

यस कार्यालयको तपशिल बमोजिमको कार्य विधुतिय सिलवन्दी दरभाउपत्र (E-Bid) को माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त व्यवसायीहरुबाट रितपूर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालको वेवसाईट http://www.aathabismun.gov.np/ मा हेर्नहुन समेत सुचित गरिन्छ ।

| ठेक्का नं. | खरिद सम्बन्धी विवरण | अनुमानित र कम (भ्याट सक्षम वस्तुहरुको लागि भ्याट सहित) | फारम दस्तुर (रु) | जमानत र कम (रु) | सि.द. जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 02/SQ/AM/G/2079-80 | Procurement of Medicine | १६,००,०००। | १००० | ४७०००। | ७५ दिन | बैशाख २५ २१, २०८० मध्यान्न १२ वजे | बैशाख २५, २०८० मध्यान्न २ वजे | सिलबन्दि दरभाउ (विधुतिय आवेदन मात्र लिइने) |

**अन्य सर्तहरु :**

- दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीजन्य र सर्जिकल सामाग्रीहरुको म्याद Manufacturing Date वाट Expiry Date सम्म कुल उपभोग योग्य अवधीको कम्तीमा ७५ (पचहत्तर प्रतिशत बाकी हुदाँ स्टोर दाखिला हुनुपर्नेछ ।
- दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीजन्य र सर्जिकल सामाग्रीहरु WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुवाट उत्पादन हुनुका साथै प्रत्येक प्याकेट वाहिर उत्पादन मिति, म्याद समाप्त मिति एवं व्याच नम्वर उल्लेख हुनुपर्नेछ । Technical Specification, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य विभाग, व्यवस्थापन महाशाखा, आपुर्ती व्यवस्थापन शाखाको वेभसाईटः https:elmis.dohslmd.gov.np/ र http://ams.dda.gov.np/ प्राविधिक स्पेशिफिकेसन अनुसार हुनुपर्नेछ ।
- दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीजन्य र सर्जिकल सामाग्रीहरुमा आठवीस नगरपालिकाबाट निःशुल्क उपलव्ध भन्ने शब्द उल्लेख भएको हुनुपर्नेछ ।
- सवै आईटमहरु (मूल्य अभिबृदि कर लाग्ने र नलाग्ने दुवै) को दर राख्दा मुल्य अभिवृदि कर बाहेकको दर उल्लेख गर्नुपर्नेछ ।
- यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वनजनिक खरीद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।



# Geruwa Rural Municipality
# Office of the Rural Municipal Executive
Pashupatinagar, Bardiya

**Invitation of Bids for the following works**

Date of Second Notice Publication:- 2080/01/10

1. The Geruwa Rural Municipality invites electronic Sealed Quotation bids from eligible bidders for the following works.

| Sn | Contract ID no | Description of works | Estimated Amount (Nrs) (Exclusive of VAT and Contingencies) | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | W/GRM/SQW/10/2079-080 | Thapapur-Rajipur Culvert Nirman | 15,05,312.20 | 42,000.00 | 1,000/- | Second Notice |
| 2 | W/GRM/SQW/11/2079-080 | Maruwanirako Bathaniya Kuloma Pul Nirman geruwa 3 | 8,63,388.17 | 25,000.00 | 1,000/- | Second Notice |
| 3 | W/GRM/SQW/12/2079-080 | Sonahagau ko Pul Nirman Geruwa 3 | 8,88,112.20 | 25,000.00 | 1,000/- | Second Notice |

2. Only Electronics bidding through www.bolpatra.gov.np/egp is permitted . Elligible bidders may obtain further information from Geruwa RM and email:- geruwamun@gmail.com/contact:-9868252424,9858038124 or may visit PPMO website www.bolpatra.gov.np/egp. Bid Submission Date is 2080/01/25 Till 12:00 and Bid Opening on Same day at 14:00. bidders should deposit the cost involves in the projects account as specified below.

| Bank | Revenue Account | Revenue Heading | Dharauti Account | Bid Security Validity Period |
|---|---|---|---|---|
| Nepal Investment Mega Bank Ltd, Geruwa Branch | 17201400000109 | 801810 | 17201400000062 | 75 days after Bid opening Date |

3. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
4. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and other prevailing rules and regulations.

# मोना कतारले मनायो इद उल फित्रसहित नेपाली नयाँ वर्ष



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ९ वैशाख

म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले नयाँ वर्षको अवसरमा सांगीतिक तथा वनभोज कार्यक्रम सम्पन्न गरेको छ। नयाँ वर्ष २०८० तथा इद उल फित्र २०२३ को शुभकामना आदानप्रदान गर्दै कार्यक्रम मनाएको हो। संघका अध्यक्ष राजु पौडेलको सभापतित्व तथा मोना बहुउद्देश्यीय अक्षयकोषका अध्यक्ष विक्रम कार्कीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा युवा समाजसेवी अजय विक, संघका खेलकुद संयोजक डम्बर थजाली मगर, सांस्कृतिक विभाग संयोजक राम बाबुलगायत संघका विभिन्न तह तप्काकाका पदाधिकारीहरूको विशिष्ट आतिथ्यता रहेको थियो।

सयौंको संख्यामा म्याग्देली र गैर म्याग्देलीको उपस्थिति रहेको कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै विशिष्ट अतिथि विकले मोना कतारका हरेक शुभ कार्य तथा अभियानमा पूर्ण साथ सहयोग रहने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा प्रमुख अतिथि कार्कीले बहुउद्देश्यीय अक्षयकोषको रकमलाई एक करोड पुऱ्याउने लक्ष्य लिइएको बताउँदै सबैलाई सहयोग गर्न आग्रह गरे। उनले कोषको आजीवन सदस्यतासमेत खुला रहेको बताए।

संघका सचिव राम शर्माले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै अध्यक्ष पौडेलले कतारमा समस्यामा परेका र जिल्लामा आवश्यक परेको अवस्थामा जुनसुकै सहयोग गर्न मोना कतार तत्पर रहेको बताए। कार्यक्रममा विभिन्न कलाकारहरूले आफ्ना सांगीतीक कोसेलीले उपस्थितलाई मनोरञ्जन प्रदान गरेका थिए।

# 'जुम्ला विमानस्थलको स्तरोन्नति गरिन्छ'



**जुम्ला/मस-** प्रतिनिधिसभा सदस्य छिरिङ ल्हामु लामा (तामाङ)ले जुम्ला विमानस्थललाई स्तरोन्नति गरिने बताएकी छन्। सानो जहाज मात्र अवतरण गर्न मिल्ने भएकाले यात्रु मर्कामा परेको भन्दै उनले ठूलो जहाज अवतरण गर्न विमानस्थलको स्तरोन्नति गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री सुदन किरातीलाई जानकारी गराएको बताइन्। सांसद ल्हामुले आगामी बजेटमा जुम्ला विमानस्थलको स्तरोन्नतिका लागि बजेट आउने बताइन्।

मन्त्री किरातीले जुम्ला विमानस्थललाई विस्तार गरेर मानसरोवरलाई ध्यान दिएर पनि काम गर्नुपर्ने बताएको ल्हामुले जानकारी दिइन्। उनका अनुसार कर्णालीमा अनलाइनबाट पनि हवाई टिकट लिन मिल्ने भएपछि यहाँका सर्वसाधारण खुसी भएका छन्। पहुँचको भरमा टिकट पाइने कर्णालीमा ल्हामुकै पहलमा पर्यटनमन्त्रीलाई ज्ञापनपत्र बुझाएपछि अनलाइन टिकटको शुरुवात गरिएको थियो।

**श्री दिल बहादुर राईको नाममा**
**पर्सा ओभरसिज प्रा.लि.बाट जारी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८०/०१/१०**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस पर्सा ओभरसिज प्रा. लि. (श्रम इजाजत पत्र नं. १४५०/०७४/०७५) को नाममा बासँबोटे-१, उदयपुर हाल लम्चुङवुङ्ग -१ उदयपुर, स्थायी ठेगाना भई हाल सिनामंगल काठमाडौं बस्नु हुने श्री दिल बहादुर राई यस प्रा.लि. का सञ्चालकहरु मध्ये एक भई कार्य गरेकोमा हाल यस कम्पनीमा सम्पर्क नरहेको र पटक पटक विभिन्न माध्यमबाट र मध्यान्ह राष्ट्रिय दैनिकबाट सार्वजनिक सूचना प्रकाशित गरि निज दिल बहादुर राईलाई यस प्रा.लि.मा तुरुन्त सम्पर्क राख्न सूचना गर्दा पनि उहाँ यस प्रा.लि. मा नआउनु भएको जानकारी गराइन्छ। निज दिल बहादुर राई यस प्रा.लि.को निर्णय विपरित संस्थागत र व्यक्तिगत रुपमा समेत यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धि कुनै पनि कार्य नगर्न/नगराउनु हुन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचना मार्फत सूचित गरिन्छ। साथै निज दिल बहादुर राई सँग यस प्रा.लि. सँग वैदेशिक रोजगार सम्बन्धि रकम लेनदेन भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालय वा वैदेशिक रोजगार विभागमा स-प्रमाण सम्पर्क गर्नुहोला, म्याद नाघी आएको कुनै पनि उजुर बाजुर माथि हामी जिम्मेवार नहुने वा स्वीकार हुने छैन। साथै यस प्रा.लि.को आर्थिक कारोबार यसै प्रा.लि. को लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

Govt. Lic. No: 1450/074/075
**Parsa Overseas Pvt.Ltd.**
Address: Sinamangal -9 Kathmandu | Tel: 014488592
Email: parsaoverseas50@gmail.com

**साइप्रसमा रोजगार |**

कम्पनीः **C. & C. PRIVATE EMPLOYMENT AGENCY**
शहरः CYPRUS
पूर्व स्वीकृत मितिः २०२२/०५/२६ चलानी नं.: ६०१९७३२३ LT. No.: 263698 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker Female | 0 | 17 | सम्बन्धित कामका दक्ष | 314 | ४५,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Agricultural Laborer | 0 | 3 | | 455 | ६५,७११ | | | | | | | |

२. कम्पनीः **ARISTOKLEOUS ARISTOS IMMIGRATION CONSULTANTS LTD** शहरः CYPRUS
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३५७५ LT. No.: 267400 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 10 | 10 | स. कामका दक्ष | 970 | १२६,२३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः **ANSOT EMPLOYMENT SERVICES LIMITED** शहरः CYPRUS
पूर्व स्वीकृत मितिः २०७९/०३/३१ चलानी नं.: ६०१८३५७६ LT. No.: 267401 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 2 | 2 | सम्बन्धित कामका दक्ष | 1296 | १६८,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 8 | 8 | | 1183 | १५३,९५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १७ गते (30 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु. ३५,०००/- रोजगारदाताले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

License No.: 1406/074/075
**KALINCHOK H. R. PVT. LTD.**
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

## Lisankhu Pakhar Rural Municipality
## Office of Rural Municipal Executive
Attarpur, Sindhupalchok, Bagamati Province, Nepal

**Invitation for Electronic Sealed Quotations**

**Second Date of Publication: 2080/01/10 (23th April 2023)**

1. Lisankhu Pakhar Rural Municipality invites sealed quotations from registered Nepalese Suppliers for the Supply and Delivery of the following goods in the table below.

| S. No. | Contract Identification No. | Description of work | Price of Bid document (NRs) | Bid Security Amount (NRs) | Last date & Time of Submission | Last date & Time of Opening |
|---|---|---|---|---|---|---|
| 1 | LPRM/SQ/G/079/80-01 | Supply and delivery of Galvanized Machine-Made Gabion Box and HDPE pipe. | 1,000 | 50,000 | 2080/01/25 (8th May 2023) 12:00 HRs | 2080/01/25 (8th May 2023) 14:00 HRs |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Office of Lisankhu Pakhar Rural Municipality, Attarpur, Sindhupalchok, Nepal. OR, or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

Provincial Government
## Ministry of Water Supply, Irrigation and Energy
## Water supply and Sanitation Division Office
Koshi Province, Jhapa

**Invitation for Bids**

**Date of first Publication: 2080-01-10 (23 Apr, 2023)**

1. Water Supply and Sanitation Division office, Jhapa invites electronic bids from eligible bidders for following works :

| S. N | Contract Identification Number | Description and Location of Work | Total Estimated Amount (Exclusive VAT) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Bid Submission date |
|---|---|---|---|---|---|---|
| 1 | WSSDO/Jhapa/HDPE-Illam/12-079/80 | The Supply and delivery of HDPE PE-100 Pipes at Illam | 98,70,434.84 | 2,79,000 | 3000 | 23th May, 2023 12 Noon |
| 2 | WSSDO/Jhapa-Illam/Fittings-Tools/13-079/80 | The Supply and delivery of GI pipes, fittings & tools at Jhapa and Illam | 83,48,164.10 | 2,36,000 | 3000 | 23th May, 2023 12 Noon |
| 3 | WSSDO/Jhapa/HDPE/14-079/80 | The Supply and delivery of HDPE PE-100 Pipes at Jhapa | 43,64,578.74 | 1,25,000 | 3000 | 23th May, 2023 12 Noon |

2. Detailed notice can be accessed from www.bolpatra.gov.np/egp

**Division Chief**

## Krishnapur Municipality
## Office Of The Municipal Executive
Gulariya,Kanchanpur
SudhurPaschim Province

**Invitation for Bid for the Supply and delivery of Heavy Equipment for Krishnapur Municipality.**

Date of publication: **2080/01/10 (23rd April,2023)**

1. Krishnapur Municipality has allocated fund towards the cost of **Supply and delivery of Heavy Equipment for Krishnapur Municipality** and intends to apply part of the funds to cover eligible payments under the following Contract number **.** Bidding is open to all eligible domestic Bidders.
2. The Krishnapur Municipality,Office of the municipal executive invites ***electronic*** bids from eligible bidders for the procurement of **Supply and delivery of Heavy Equipment for Krishnapur Municipality under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.**
3. Eligible Bidders must visit PPMO egp system www.bolpatra.gov.np/egp for detail.
4. Bidders Must download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   ***Name of the Bank: Kumari Bank ,Gulariya Branch***
   ***Name of Office: Krishnapur Municipality***
   ***Office Account no.: Ga 5 .1 2700248216200007(For Bidding Document)***
   ***Office Account no.: Ga 3 2700248216200004(for Bid Bond)***
5. Electronic bids must be submitted to the office of Krishnapur Municipality through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12pm** on **23rd May,2023**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1pm 23rd May,2023** at the office of **Krishnapur Municipality, Gulariya,Kanchanpur**. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of following rupees, which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The name and identification of the contract are as follows:

| Contract No | Description of Work | Bid Bond (NRs.) | Estimated Cost (NRs.) | Price of Bid Documents (NRs.) |
|---|---|---|---|---|
| 18-SUP-2079/080 | Supply and delivery of Back Hoe loader for Krishnapur Municipality | 1,25,000.00 | 50,00,000.00 | 3000.00 |
| 19-SUP-2079/080 | Supply and delivery of Motor Grader for Krishnapur Municipality | 2,38,000.00 | 95,00,000.00 | 3000.00 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

### बदल्नुपर्ने प्रवृत्ति

चालु आर्थिक वर्ष पनि विकास खर्चको नतिजा निराशाजनक बन्ने प्रष्ट संकेत देखिएको छ । आर्थिक वर्ष २०७९/०८० तीन महिना पनि बाँकी नरहँदा विकास खर्च २४.१२ प्रतिशत मात्रै खर्च भएको महालेखा नियन्त्रकको कार्यालयले जनाएको छ । त्यो भनेको ९१ अर्व १७ करोड मात्रै खर्च हुनु हो । चालु आवका लागि ४ खर्ब विकास खर्च गर्ने लक्ष्य लिइएको छ । जुन खर्च हुन अब असंभव प्राय छ । यसरी विकास खर्चले लक्ष्य भेटाउन नसक्नु मुलुकको नियमित नियति नै बन्न पुगेको छ । त्यो नियति यो चालु आबमा पनि नतोडिने पक्का छ । किनभने नौ महिनामा नभएको विकास खर्च यति छोटो अवधिमा सकिने संभावना हुँदैन । यद्यपि विकास खर्चको रफ्तार बढ्न सक्छ ।

आव सकिने अन्तिम तीन महिना विकास खर्चले तीव्रता पाउने पनि नियमित नियति हो । त्यसलाई बोलीचालीको भाषामा असारे विकास भनेर चिनिने गरेको छ । साना तथा अल्पकालीन योजनामा विनियोजित बजेट सक्ने असारमा जोड दिइने भएकाले असारे विकास भनिने गरेको छ । यसरी नौ महिनासम्म बजेट खर्च कछुवाको गतिमा रहने र अन्तिम तीन महिना दौडिने विकासे परियोजनालाई अनियमितता र भ्रष्टाचारसँग जोडेर समेत हेरिने गरेको छ । रातारात बजेट सक्न हतारमा गरिने विकासे गतिविधि गुणस्तरीय नहुने भएकाले पनि यस्तो संज्ञा दिइने गरेको छ । अर्थात् असारे विकास मुलुककै महारोग बन्न पुगेको छ । त्यसलाई सच्याउन संविधानमा आवश्यक पहलकदमी पनि नभएको होइन । विकास खर्चको लक्ष्य भेटाउनकै निम्ति समयमै बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ ।

तर संविधानले १५ जेठमा बजेट ल्याउने र त्यसअगाडि नीति तथा कार्यक्रम ल्याउने व्यवस्थाले पनि विकास खर्च बढ्न सकेको देखिदैन । तर, चालु खर्च सधैं सकिन्छ । यसपटक त अर्थतन्त्र चलायमान हुन नसक्दा संकलित राजश्वले चालु खर्च नै धान्न नसक्ने अवस्था आएको थियो । अर्थात् बाँड्ने पैसा सधैं सकिने, अझ संकलित राजश्वले समेत नपुग्ने, तर विकास खर्च कहिल्यै लक्ष्य बमोजिम नहुनु अर्थतन्त्रको पर्याय नै बन्न पुगेको छ । यसले मुलुकमा विकासले गति नलिने मात्रै नभएर वर्तमान नेतृत्वको कार्यसम्पादन मूल्याङ्कन समेत नकारात्मक हुन पुगेको छ । त्यसको कारण भने मुलुकले अझै स्थीरताको बाटो लिन नसक्नु हो । जुन प्रवृत्ति परिवर्तन नगर्ने हो भने हामी अझ पछाडि पर्नेछौं । नरोकिएको युवा पलायन अझ तीव्र हुनेछ ।

सन्दर्भ : लेनिन स्मृति दिवस

# विश्व कम्युनिष्ट आन्दोलनमा लेनिन

*नेपाली क्रान्तिको सन्दर्भमा पनि लेनिनको सिद्धान्त र कार्यनीति अनुसरण गर्नु आवश्यक देखिन्छ । जसरी लेनिनले रूसमा मजदुर, किसान र सुकुम्बासीलाई साथ लिएर सर्वहारा क्रान्ति सफल गरे, त्यस्तै क्रान्ति नेपालमा आवश्यक छ । जसरी उनले सर्वहारावर्गीय राज्यसत्ता निर्माण गरे, त्यो अनुभव नेपाली क्रान्तिको लागि महत्वपूर्ण पाठ बन्नसक्छ ।*

अग्रलेख



● राजन तिमल्सिना

भ्लादिमिर इल्यिच लेनिन मजदूरवर्गका महान विचारक, दार्शनिक र नेता थिए । उनीले मानव इतिहासमै सफल क्रान्तिको नेतृत्व गरेर पहिलो पटक मजदूरवर्गको राज्य स्थापना गरेका थिए । उनको नेतृत्वमा सोभियत संघमा पहिलो समाजवादी राज्यको स्थापना भएको थियो । उनको नेतृत्वमा भएको समाजवादी क्रान्तिले शोषण र उत्पीडनबाट मुक्त श्रमजीवि जनताले आफ्नै बलमा पुँजीवादी सत्तालाई खरानी बनाउन सकिन्छ भन्ने कुरा साबित गरिदिए ।

लेनिनको जन्म २२ अप्रैल १८७० मा रुसको सिम्बीर्स्कमा भएको थियो । उनका पिता शिक्षा विभागमा अफिसर थिए । त्यतिबेला निरंकुश जारशाहीको शासन थियो र मजदूर र किसानहरु अवर्णनीय शोषण र उत्पीडनमा थिए । अर्कोतर्फ पूँजीपतिहरु र जारशाहीका हाकिमहरु भोगविलासमा डूबेका थिए । लेनिनका दाजू अलेक्जेन्डर जारशाहीविरुद्धको एउटा गुप्त क्रान्तिकारी संगठनका सदस्य थिए । उनले जारको हत्या गर्ने प्रयास गरे, तर सफल हुन सकेनन् र पक्राउ परे । यस अभियोगमा अलेक्जेन्डरलाई फाँसीको सजाय दिइयो ।



यसै आरोपमा लेनिनकी दिदी आन्नालाई पनि गिरफ्तार गरेर कारबासमा हालियो । लेनिन त्यतिबेला १३ वर्षका थिए । यी घटनाहरुले उनको कलिलो मनोमस्तिष्कमा निरंकुश जारशाहीविरुद्ध गहिरो घृणा र आक्रोश भरिदियो । तर, उनको सोंच दाजू अलेक्जेन्डरभन्दा भिन्न थियो । उनले दाजुले झैँ जनताबाट अलग्गिएर गुप्त हिंसात्मक संगठनबाट रुसी जनताको मुक्ति सम्भव देखेनन् ।

लेनिन कानून विषयका पनि छात्र थिए । अध्ययनको क्रममा उनले जारशाहीविरोधी गतिविधिमा भाग लिन थाले । यसक्रममा उनले मार्क्स र ऐङ्गल्सका रचनाहरुबाट परिचित हुने मौका पाए । त्यतिबेलाका रुसी क्रान्तिकारी विचारक प्लेखानोभको नेतृत्वमा रहेको श्रमिक मुक्ति दलमा उनी सामेल भए । त्यसपछि उनी त्यतिबेला रुसको सबैभन्दा ठूलो औद्योगिक शहर सेन्ट पीटर्सबर्गमा आएर श्रमिकहरुको बीचमा संगठन निर्माण गर्न थाले । लेनिनले सबैभन्दा पहिले उनले रुसी क्रान्तिमा व्याप्त गलत विचारहरुको विरुद्ध संघर्ष चलाए र क्रान्तिकारी विचारलाई स्थापित गर्ने कामको शुरुवात गरे ।

मजदूरहरुले केवल तलबवृद्धि र केही सुविधाहरुको संघर्षमा मात्र सीमित रहनु हुन्न भन्ने विचार उनले अत्यन्त तार्किकता तथा तथ्यपरकरूपमा प्रस्तुत गरे । यी सुधारात्मक संघर्षहरुको साटो श्रमिकहरुले आफ्नो नेतृत्वमा सत्ता निर्माण गर्ने संघर्षमा जुट्नु पर्ने राजनैतिक धारणा अघि सारे, जसको व्यापक प्रभाव मजदुरवर्गमा पर्न गयो ।

लेनिनको विचारमा श्रमिकहरुको सत्ता निर्माणको निम्ति उनीहरुसँग एउटा क्रान्तिकारी पार्टीको आवश्यकता पर्छ । एउटा क्रान्तिकारी पार्टीको मूख्य आधार पूर्णतः क्रान्तिप्रति समर्पित कार्यकर्ता मात्र हुन सक्छन् । यस्ता कार्यकर्तालाई पेशेवर क्रान्तिकारी नबनाई क्रान्तिको उद्देश्य पुरा नहुने कुरामा जोड दिए । एउटा क्रान्तिकारी पार्टीको निर्माण तथा क्रान्तिकारी विचारलाई जनतामा स्थापित गर्न एउटा क्रान्तिकारी पत्रिका (मिडिया) पनि जरुरी हुने निष्कर्ष उनले निकाले । उनको विचारमा एउटा क्रान्तिकारी पार्टी पूर्णरूपमा खुला भएर काम गर्न नसक्ने, र एउटा खास चरणमा पूँजीवादी सरकारले यसलाई समाप्त गर्न सक्ने भएकोले यस्तो पार्टीको केन्द्रीय ढाँचा गोप्य हुनुपर्छ भन्ने कुरालाई केन्द्रमा राखेर संगठन निर्माण गरे ।

लेनिनले आफ्नो प्रसिद्ध कृति 'के गर्ने' मा सर्वहारावर्गको नयाँ किसिमको कान्तिकारी पार्टीका सांगठनिक सिद्धान्तहरु गहनरूपले प्रस्तुत गरेका छन् । उनले मार्क्सवादको विकास र प्रयोगमा जीवनभर सक्रिय रही सर्वहारावर्ग र मानवजातिलाई नयाँ जीवन र दर्शन दिए ।

लेनिनले आफ्ना विश्लेषणहरुबाट पूँजीवादको सबैभन्दा उच्च अवस्था साम्राज्यवाद भएको तथा सर्वहारा क्रान्तिले साम्राज्यवादी युगको अन्त गरी दिने निष्कर्ष प्रस्तुत गरे । उनको विश्लेषणअनुसार- ठूला पुँजीवादी देशहरुले गरिब र पछि परेका देशहरुलाई लूटेर त्यसको एउटा हिस्साबाट आफ्ना देशका मजदूरहरुलाई केही सुविधा दिएका छन् । तर, इङ्गल्यान्ड, जर्मनी र फ्रान्सका मजदूरहरु अभिजातवर्गीय मजदूरमा परिणत भएका छन् । संशोधनवादी विचार र कार्यदिशाका कारण यी देशहरूमा क्रान्ति अर्थहीन जस्तो भएको छ । यी देशहरूका समाजवादी पार्टीभित्र लालझन्डा बोकेको संशोधनवादीहरुको आधार र पक्कड बलियो बन्दै गएको छ ।

यस अस्पतालको चालु आ.ब.२०७९/०८० को बार्षिक स्वीकृत कार्यकम अनुसार यस अस्पतालको लागि आवश्यक जी ए मेशिन (GA Machine) थान(१ क्याटलक सपिङ्ग विधीद्वारा खरिद गर्नुपर्ने भएको हुँदा उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवराण (क्यालग वा ब्रोसर) संलग्न राखि यो सुचना प्रकाशित भएको मितिले १५औ दिनको १२:०० बजे भित्र शिलबन्दी प्रस्ताव रितपुर्वक यस अस्पतालको लेखा शाखामा दर्ता गराउन हुन जानकारी गराइन्छ । साथै उक्त शिलबन्दी प्रस्ताव सोही दिनको १:०० बजे यसै कार्यालयमा खोलिनेछ। अन्य थप जानकारीको लागि फोन नं. ०२३- ५२३०२४ मा समेत सम्पर्क गर्न सकिने छ ।

| सूचना नं. | कामको बिवरण | परिमाण | लागत अनुमान रकम (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १३/०७९/०८० | GA Machine खरिद कार्य | १ (एक) थान | २६,२२,४१८।८८ | |

---

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**New Town Project Coordination Office**
**New Town Project Office, Basantapur**
**Terhathum, Nepal**

**Invitation for Bids**

**Invitation For Bids (IFB):-DUDBC/NT-B/NCB/WORKS/05-2079/80**
**Date of Publication: 2080/01/10 ( 23th April 2023 )**

1. Government of Nepal has allocated funds towards the cost of construction for the works mentioned below and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. **New Town Project Office, Basantapur,** Terhathum invites electronic bid only from eligible bidders for following under national competitive bidding procedure, some of the information is mentioned below, though the details are in the bidding documents.
3. A complete set of Bidding Documents may be downloaded from the PPMO's e-Portal-**www.bolpatra.gov.np/egp(e-GP II)** .

| S. N. | Contract ID. | Description of works | Key Qualification Required (Excluding vat) | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date Of Bid Submission | Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | DUDBC/NT-B/NCB /WORKS/05/ 01-2079/80 | Construction of Kailash Hill and Shiva Jee Theme park and other Infrastructure Works at Basantapur to Tinjure Areas as per DER under Social Development Program | Turnover:- NRs 88,810,000.00 Experience:-At least One similar project ( Road / Park/ Building Construction ) with value of :- 47,243,000.00 Bid Capacity:- 70,870,000.00 | 2,402,000.00 | 5,000.00 | Single Stage Two-Envelope Bidding Procedure | 2080/02/10 (24th May, 2023) at 12:00 Noon. | 2080/02/10 (24th May, 2023) at 13:00 P.M. |

4. a. Information to deposit the cost of bidding document in Bank:
   i. Name of the Bank: **Nepal Bank Limited, Myanglung Branch, Terhathum**
   ii. Name of Office: **New Town Project Office, Terhathum, Basantapur**
   iii. Office Code :- **347010501**
   iv. Rajaswa (revenue) Shirshak no. **: 14229**
   v. Rajaswa ( revenue ) Account No :- **00101000000001001001**
   b. Information to deposit the Bid Security in Bank:
   i. Name of the Bank: **Nepal Bank Limited, Myanglung Branch, Terhathum**
   ii. Name of Office Account: **Treasury Comptroller Office, Terhathum**
   iii. Name of Office to Deposit: **New Town Project Office, Terhathum, Basantapur**
   iv. Office Code no.: **347010501**
   v. Office Account no.: **05401000002003000001**
5. Employer Name : New Town Project Office, Terhathum, Basantapur, Email : newtownbasanatapur@gmail.com, Telephone:- 026-402122
6. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

-Project Chief

क्स अफिस समाचार



# ‘सांगीतिक क्षेत्र पुरानै अवस्थामा फर्कने क्रममा छ’

लोक संगीतभित्र आफ्नै मौलिकता छ, महत्व छ । अधिकांश नेपालीको ओठमा झुण्डिने र मनमा बस्न सफल गीत संगीत हो लोक गीत । लोक गीतसंगीतमा विभिन्न भाषा, समुदायको आ-आफ्नै स्थान अनुसारको लयमा गाउने गरेको पाइन्छ । जस्तै काँठे भाका, झ्याउरे भाका, देउडा भाका, ठाडो भाका, सालैजो, टप्पा, तामाङ सेलो आदि गीतहरु नेपाली लोक संस्कृतिभित्र पर्ने विधा नै हुन् । लोक भाकाहरुका वरिपरि रहेर निर्माण गरिएका अनेक दोहोरी गीतहरु उतिकै रुचाइएका पनि छन् । लोक दोहरीको क्षेत्रमा स्कुले जीवनदेखि नै स्टेज कार्यक्रमहरुमा आफूलाई सहभागिता तुल्याउँदै आइरहेका कृष्ण गैरे अहिले नाम नै उनको परिचय बनिसकेको छ । हजारभन्दा बढी स्टेज कार्यक्रममा आफ्नो सांगीतिक प्रस्तुति दिइसकेका लोकदोरी गायक कृष्ण गैरेको अहिलेसम्म आठवटा मात्र गीत सार्वजनिक भएका छन् । लोकप्रिय र चर्चामा रहन धेरै गीत गाइरहनु पर्दैन स्रोता रुचीको एउटै गीतले पनि उसलाई स्थापित गराउन सक्छ । थोरै सिर्जना सार्वजनिक गरेर लोक दोहरीको क्षेत्रमा छोटो समयमा लोप्रियता हासिल गर्न सफल कृष्ण गैरै राष्ट्रिय लोक तथा दोहरी गीत प्रतिष्ठान गण्डकी प्रदेश सदस्य, नेपाल संगीत उद्योग संघका सदस्य हुन् । उनका ‘मन चोऱ्यौ सुटुकै’, ‘ए मायालु’, ‘बेबी आई लभ’, ‘रेलैमा लगाउँ माया बेलैमा’, ‘दशैं आयो’ लगायतका गीत स्रोता रुचीको बन्न सफल रहे । लोक दोहरी गीतसंगीतमा सक्रिय, विभिन्न अवार्ड, सम्मान, पुरस्कारबाट पुरस्कृत नवलपरासी १७ कावासोतीका स्थानीय चर्चित लोकदोहरी गायक **कृष्ण गैरे**सँग मध्यान्ह दैनिकका लागि **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**केमा व्यस्त हुनुहुन्छ पछिल्लो समय ?**

गीत संगीत तथा प्रोगामहरुमै व्यस्त छु ।

**लोक दोहोरी कलाकारको मुख्य आम्दानीको स्रोत के हो ?**

अडियो, सिडिको बजार अन्त्यसँगै खासै आम्दानी त छैन तर पनि स्टेज कार्यक्रमहरु र युवट्युबको आर्थिक आयले चलिरहेको अवस्था छ ।

**दोहोरी साँझमा गीत गाउनेहरुले दोहरी क्षेत्रमा विकृति ल्यायो भन्छन् नि ?**

दोहरी साँझमा पाहुनाहरु दिनभरिको भागदौडबाट केही क्षण रमाइलो गर्न आउनु हुने भएकाले साविकको शब्द र भाकालाई नबिगारी मनोरञ्जनका खातिर प्रत्यक्ष स्टेजमा गाउनु हुने साथीहरुले केही भद्दा प्रस्तुति दिनु भयो होला तर तपाईंले भने जस्तो विकृति ल्यायो भन्न चाहीँ मिल्दैन । किनकि अहिलेसम्म दोहरी साँझले नै धैरै भन्दा धेरै कलाकार जन्माएको छ र उनीहरुको रोजी रोटीको आधार बनाइदिएको छ ।

**वैकल्पिक व्यवसाय नखोज्ने हो भने यो क्षेत्रमा भविष्य कहाली लाग्दो छ भन्छन् नि ?**

कोरोनायता लामो समय मनोरञ्जनको क्षेत्र प्रायः बन्द भएसँगै दोहरी साँझ अछुतो रहने कुरै भएन । हामी जस्तो कलाकारलाई धेरै गाह्रो बनायो । बिस्तारै वातावरण पुरानै अवस्थामा फर्कने क्रममा छ । तर पनि आम्दानीको वैकल्पिक स्रोत नअपनाउने हो भने बाँच्न कठिन छ । यो यथार्थ हो र सबैले बुझेका पनि छन् ।

**लोक संग्राहलय सञ्चालन गर्ने चर्चा थियो, त्यो सेलाएको हो ?**

यो विषयको उठान कोरोना कहर हुनु पहिलेको हो । कोरोनाले विश्वव्यापी रुप लिएपछि लकडाउनलगायतका समस्याका कारण प्रतिष्ठानले तय गरेका अन्य कार्यक्रमहरुसँगै लोक संग्रहालय सञ्चालन गर्ने योजना पनि हाललाई स्थगित भएको छ । लोक बाजा, संस्कृति, नाच र गीतहरूको संग्रहालय बनाउने तयारी भएपनि हुन सकेन । वातावरण सहज बनेपछि ती कामले निरन्तरता पाउने कुरामा विश्वस्त छु ।

**लोकगीत, लोकसंगीत मन पराउनेको संख्यामा कमी आएको हो ?**

लोक दोहरीलाई मन नपराउने हो भने हाम्रो मौलिक पहिचान बोकेको लोक संस्कृतिलाई बिर्सनु सरह हुने छ । त्यसैले मलाई त के लाग्छ भने ९५ प्रतिशतले लोक दोहरी गीतलाई मन पराउनु हुन्छ । बालकदेखि वृद्धासम्म लोक संगीत नहेरी नसुनी बस्नै सक्दैनन् । अहिलेका टिनेजर केटा, केटीहरु पनि लोक गीतसंगीतप्रति आकर्षित रहेको पाइन्छ किनकि अधिकांश टिकटक लोक गीतकै बनेको पाइन्छ ।

**लोक दोहोरी क्षेत्रको नकारात्मक पक्ष के हो ?**

दोहरी गीतलाई फोहरी बनाएर गाएका छन् । अरुको भाका चोरेर गीत निकालेका छन् । सुन्न नसकिने शब्द प्रयोग गरेर चर्चा कमाएका छन् । मेला महोत्सव जस्तो कार्यक्रम ठेकेदारलाई जिम्मा लगाएर आफ्नै जिल्लाका स्थानीय कलाकारलाई मौका दिने र बाहिरका कलाकारलाई स्थान नदिने जस्ता समस्या छ । जसले गर्दा असली कलाकारले स्थान पाएका छैनन् ।

**कोरोनायता विदेशका कार्यक्रममा सहभागी बन्द जस्तै भएको छ, यसले कलाकारहरुलाई कतिको प्रभाव पारेको छ ?**

कोभिडका कारण संसारै प्रभावित बनेको अवस्थामा कलाकार प्रभावित नहुने त कुरै भएन । जसको असर अहिलेसम्म परिरहेको छ । अझै पनि विदेशमा राम्रोसँग प्रोग्राम हुन सकिरहेको छैन ।

**समाज परिवर्तनमा गीतसंगीतको भूमिका कस्तो रहन्छ ?**

विश्वमा जति पनि आमुल परिवर्तका घटनाहरु भए त्यसमा गीतसंगीगतको महत्वपुर्ण भूमिका रहेको छ । समाजमा चेतनामुलक सन्देश छिटो भन्दा छिटो पुऱ्याउने अचुक माध्यम भनेकै गीतसंगीत हो ।

**हरेक विद्यालयमा नृत्यलाई अनिवार्यरुपमा राखेको पाइन्छ, तर गीतसंगीतको नहुनुमा कसको दोष ?**

अहिले नृत्य विषय लिएर क्याम्पसमा पढ्छु भन्दा पनि हुन्छ । खेलकुद, गीतसंगीतलाई पनि महत्वका साथ स्थान दिनुपर्छ । विद्यार्थीहरुलाई पहिलो कक्षादेखि नै कलासँग सम्बन्धित विविध विषयमा प्रशिक्षण दिन सकियो र उनीहरुले सिकेको ज्ञान एकपछि अर्को पुस्तालाई हस्तान्तरण गर्दै जाने हो भने हाम्रो कला संस्कृतिले अझ मौलाउने अवसर मिल्ने छ । कसको दोषभन्दा पनि आफ्नो मौलिक कला संस्कृतिलाई हामी आफैंले संरक्षण र सम्वर्द्धन गर्नुपर्छ ।

**विभिन्न रियालिटी शोहरुबाट आइरहेका नव प्रतिभाहरु लामो समय यो क्षेत्रमा टिक्न नसक्नुको कारण ?**

रियालिटी शोहरुबाट नवकलाकार जन्मनु राम्रो हो, तर विजयी भएर आइसकेपछि उनीहरुको भविष्यको बारेमा कसैले सोचेको हुँदैन । कार्यक्रममा रहुन्जेल चर्चामा रहन्छ, हार जित जे भएपनि कार्यक्रमको समाप्तिसँगै उनीहरुको चर्चा पनि मत्थर हुँदै जानु राम्रो होइन ।

**अहिलेसम्म कतिजति स्टेज कार्यक्रम र गीत सार्वजनिक गर्नुभयो ?**

एक हजारभन्दा बढी नै स्टेज कार्यक्रममा आफ्नो प्रस्तुति दिइसकेको छु । उपत्यका होस् या बहिर जतिपनि सांस्कृतिक कार्यक्रम हुन्छन् प्रायः जसो आयोजकहरुले मलाई सम्झनु हुन्छ र समय मिलेसम्म कार्यक्रममा उपस्थित भएर आफ्नो प्रस्तुति दिँदै आएको छु । जहाँसम्म गीतको कुरा छ, अहिलेसम्म मेरो आठ वटा गीत सार्वजनिक भएका छन् ।

## कला देखाउने अवसर ‘देवदह ट्यालेन्ट हन्ट’ प्रतियोगिता

**रेशम अधिकारी/मध्यान्ह**
रूपन्देही, ९ वैशाख

रूपन्देहीको देवदहमा ‘देवदह ट्यालेन्ट हन्ट’ प्रतियोगिताको पहिलो राउण्ड अडिसन सम्पन्न भएको छ । केबी डान्स स्टुडियोको आयोजनामा शनिबार शितलनगरमा प्रतियोगिताको पहिलो राउण्ड अडिसन सम्पन्न भएको हो ।

अडिसनमा करिब ३८ जनाको सहभागिता रहेको आयोजकले जनाएको छ । पहिलो राउण्डमा छनोट भएकाले क्रमशः मेगा अडिसनमा सहभागी हुन पाउनेछन् । प्रत्येक राउण्डमा छनोट हुँदै डान्स वर्कसप, मोडलिङ वर्कसप, फिल्मी वर्कसप, ट्यालेन्ट राउण्ड हुँदै फाइनलमा पुगिने प्रतियोगिता देवदहका संयोजक प्रकाश भण्डारीले जानकारी दिए ।

केबी डान्स स्टुडियोका सञ्चालक तथा कार्यक्रम संयोजक बिक्रम परियारले देवदहका धेरै प्रतिभालाई एउटै मञ्चमा प्रस्तुत गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको बताए । परियारले यसअघि पनि देवदहमा ‘देवदह ट्यालेन्ट हन्ट’ सिजन एक भव्यताका साथ सम्पन्न गरिएको बताए । उनले भने, ‘हामीले देवदहमा मात्र होइन बुटवल, तिलोत्तमा, कपिलवस्तु, गुल्मीलगायत देशका अन्य धेरै ठाउँमा कार्यक्रम सम्पन्न गरेको छौं, यहाँ देवदहमा पनि सिजन २ भव्यरुपमा सम्पन्न हुनेमा हामी ढुक्क छौं ।’ परियारले ‘देवदह ट्यालेन्ट हन्ट’मा सहभागी हुन कुनै शुल्क नलाग्ने समेत बताए ।

गायन, नृत्य, अभिनय, मोडलिङ विधाका प्रतिभाले प्रतिस्पर्धा गर्न सक्ने यो शोमा विजयी हुनेले ५० हजार, उपविजेताले २५ हजार, तृतीयले २५ हजार र सान्त्वनाले १० हजार रुपैयाँ प्राप्त गर्ने कार्यक्रम व्यवस्थापक तथा निर्देशक युडीन खड्गीले बताए । कार्यक्रममा उत्कृष्ट प्रतियोगीले नगद पुरस्कारसँगै गिफ्ट ह्याम्पर, म्युजिक भिडियो सुट, फोटो सुट, डान्स वर्कसप, मोटिभेसनल क्यास, ट्राफिक नियम कक्षा, आत्मरक्षक तालिम, मेडिकल टेष्ट, उद्घोषक तालिम, लघुचलचित्रमा खेल्ने अवसर पाउने आयोजकले जनाएको छ ।

कार्यक्रमको निर्णायकमा कुसुम भण्डारी, युना राना, प्रमिला परियार, आकाश भण्डारी रहेका छन् ।

## अर्जुन सापकोटाको ‘बम्मै जानी रेलैमा’ चर्चामा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ९ वैशाख

विशेष गरी युवायुवतीमाझ लोकप्रिय लोक तथा दोहोरी गायक/सर्जक अर्जुन सापकोटाले नयाँ लोक दोहोरी गीत ‘बम्मै जानी रेलैमा’ बजारमा ल्याएका छन् । उनले गीत आफ्नै युट्युब च्यानलमार्फत बजारमा ल्याएका हुन् । पछिल्लो समयका हिट सर्जक शिव हमालले सिर्जना गरेका शब्दलाई सापकोटाले संगीतबद्ध गरेका हुन् ।

सुनिल परियाले संगीत संयोजन गरेको गीतमा सापकोटालाई शान्तिश्री परियारले आवाजमा साथ दिएकी छिन् । अजय रेग्मीको छायाँकन, काजिस श्रेष्ठको निर्देशन रहेको भिडियोमा सापकोटासँगै दिव्या न्यौपाने, बादल घिमिरे र क्रिष्टल सापकोटाले अभिनय गरेका छन् । गीतको भिडियोलाई दीपक विष्टले सम्पादन गरेका छन् । सामाजिक सञ्जाल टिकटकमा हिट रहेको गीत युट्युब प्लेटफर्ममा समेत हिट भइरहेको छ ।

आफ्ना पुराना कोसेली जस्तै यो कोसेलीलाई पनी दर्शक स्रोताले मन पराउनेमा सापकोटा आसावादी देखिएका छन् । मध्यान्हसँग कुरा गर्दै सापकोटाले जनकपुरधाम, नेपाल र भारतको सिमाना इनरुवा रेल स्टेसन, जनकपुरकै कुर्ता गाउँ, सर्लाहीको भरतताल, रौतहटको चपुर र रौतहटकै मुसहर बस्तीमा पुगेर चार दिनभन्दा बढी समय लगाएर गीतको भिडियो निर्माण गरिएको बताए । मिहेनत गरेअनुसार दर्शक स्रोताहरूले गीत अत्यधिक मन पराएको प्रतिक्रिया दिएको उनले बताए ।




‘वनकी चरी’ गीतबाट चर्चामा आएका सापकोटाका ‘दशैं आयो’, ‘जन्मेकै गाउँ रोयो’, ‘पिरती नलाम माया’, ‘पछ्यौरी लिसियो’, ‘फुल्यो गुराँस’, ‘दुई दुना चार’, ‘ए ठुली’, ‘सिमलैमा मैना’, ‘मायाले अन्तै घरबार जमायो’जस्ता गीत चर्चित छन् ।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिंग्री, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

Urlabari Municipality
Office of Municipal Executive
Urlabari, Morang
Koshi Province , Nepal

Invitation of Electronic Bids

Second Date of Publication: 2080/01/10( 23rd of April 2023)

1. The Urlabari Municipality office,invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under sealed quotations procedure:

Details of Works

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-parking shade-W-SQ-3-079/080 | Construction of Parking shade at back side of Municipality Office, urlabari-4 | 16,92,034 .00 | 42500.00 | 1000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

Acting Chief Administrative Officer

# रुपेश र सुजनालाई एक खेल अगावै उपाधि

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ वैशाख



फिडे मास्टर रुपेश जैशवाल र वुमन फिडे मास्टर सुजना लोहनी राष्ट्रिय बुद्धिचाल च्याम्पियनसिपमा एक खेल अगावै उपाधि जित्न सफल भएका छन् । राष्ट्रिय बी च्याम्पियनसिपबाट छानिएका तथा साविक विजेता र फिडे रेटिङमा शीर्ष स्थानमा रहेकासमेत गरी खुलातर्फ १० र महिलातर्फ १० खेलाडीबीच प्रतिस्पर्धा भएको थियो । यो प्रतियोगिता अन्तर ा्ष्ट्रिय सहभागिताका लागि राष्ट्रिय टिमको छनोटसमेत थियो ।

शनिबार सातौं र आठौं चरणमा अनुकुल नतिजा निकालेसँगै रुपेश र सुजनाले च्याम्पियन बन्न नवौं चरणसम्म प्रतीक्षा गर्नुपरेन । उनीहरुले यही महिना बंगलादेशमा हुने वर्ल्ड च्याम्पियन सर्कल, एसियन जोनल ३.२, उज्वेकिस्तानमा हुने एसियन च्याम्पियनसिप र सन् २०२४ मा हंगेरीको बुडापेस्टमा हुने ४५औं चेस ओलम्पियाडमा सहभागिता निश्चित गरेका छन् ।

निकै उत्कृष्ट लयमा रहेका रुपेश सातौं चरणमा अर्का फिडे मास्टर क्षितिज भण्डारीसँग बराबरीमा रोकिए । यी दुईले ३४औं चालमा बराबरी भएको निर्णय गरेका थिए । आठौं चरणमा भने रुपेशले राजीव कार्कीलाई रोमाञ्चक खेलमा हराए । बराबरीतर्फ उन्मुख खेलको ५७औं चालमा राजीवले गरेको सानो गल्तीको फाइदा उठाउँदै ६७औं चालमा रुपेशले खेल जिते ।

सातौं चरणमा च्याम्पियन रुपेशसँग बराबरी खेलेका क्षितिज आठौं चरणको खेलमा साविक विजेता पुरुषोत्तम चौलागाईंलाई पराजित गरी ६ अंकसहित दोस्रो स्थानमा छन् । पूर्व नेपाल च्याम्पियन सुरवीर लामा र १४ वर्षीय युवा खेलाडी पुरुषोत्तम सिलवाल साढे ५ अंकसहित संयुक्तरूपमा तेस्रो स्थानमा रहेका छन् ।

महिलातर्फको खेलमा शनिबार शीर्ष स्थानमा रहेकी सुजनाले एक खेल जितेर अर्को खेल बराबरी खेले पनि उपाधि जित्न सफल रहिन् । उनले सातौं चरणमा शान्ती धिमाललाई हराइन् भने आठौं चरणमा सुशीला गुरुङसँग बराबरी खेलिन् ।

राउण्ड रोबिनको आधारमा नवौं चरणसम्म हुने प्रतियोगिताको एक चरणको खेल बाँकी रहेको अवस्थामा सुजनाले साढे ७ अंक जोड्दै च्याम्पियन बनेकी हुन् ।

दिव्यांश मल्टी प्रोडक्सनको मुख्य प्रायोजनमा र रुक्मणी टूर्स एण्ड ट्राभल्सको सहप्रायोजनमा भएको प्रतियोतामा सुशीला गुरुङ र शान्ती धिमालले ५ अंक जोडेका छन् । सुशीला आठौं चरणको खेलमा विनिता कपालीसँग हारिन् भने शान्तिले पूनम प्रसाईंलाई निराश बनाइन् । पूर्व नेपाल च्याम्पियन सिन्दिरा जोशीको साढे ४ अंक छ भने विनिता कपालीको ३ अंक छ ।

काठमाडौंको होटल ले हिमालयमा जारी प्रतियोगिता अन्तर्गत नवौं तथा फाइनल चरणको खेल आइतबार हुनेछ । आइतबार नै प्रतियोगिताको समापन हुनेछ ।

# साउदी र कुवेत विजयी



**काठमाडौं /मस–** एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत शनिबार भएका खेलमा साउदी अरेवीया र कुवेत विजयी भएका छन् । साउदी अरेबियाले कतारलाई सात विकेटले तथा कुवेतले बहराइनलाई दुई विकेटले पराजित गरेको हो ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको कतारले निर्धारित ५० ओभरको खेलमा ४९ दशमलव पाँच ओभर खेल्दै सबै विकेट गुमाएर दुई सय १६ रन बनायो । दुई सय १७ रनको लक्ष्य साउदी अरेवीयाले ३४ दशमलव दुई ओभरमा तीन विकेट गुमाएर पूरा गऱ्यो ।

साउदीका लागि अब्दुल वाहिदले शतकीय पारी खेले । उनले एक सय आड बलमा एक सय २४ रन बनाए । यस्तै वकार उल हसनले ५५ तथा हिसम शेखले अविजित २१ रन बनाए । बलिङतर्फ कतारका लागि इक्रमुल्लाह खानले दुई तथा खुरम शाहजादले एक विकेट लिए ।

यसअघि ब्याटिङ गर्दै कतारका लागि मोहमद तनवीरले ४६, कमरान खानले ३६, इमाल लियाङ्गेले ३१ तथा मोहमद रिजलानले २८ रन बनाए । बलिङतर्फ साउदीका इश्तियाक अहमदले चार तथा अतिफ उर रहमान, जैन उल अवीदिन र अहमद बलादर्फले दुई दुई विकेट लिए ।

यसैगरी मुलपानी क्रिकेट मैदानमा भएको अर्को खेलमा टस हारेर बहराइनले पहिला ब्याटिङ गर्दै निर्धारित ५० ओभरमा सात विकेट गुमाएर दुई सय ५५ रन बनायो । दुई सय ५६ रनको लक्ष्य कुवेतले ४४ दशमलव दुई ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो । कुवेतका लागि यासिन पटेलले अविजित ६३, अदनान इद्रिसले ५६ तथा मित भावसरले ५४ रन बनाए । बलिङतर्फ बहराइनका लागि अब्दुल मजिदले तीन विकेट लिए ।

यसअघि ब्याटिङ गर्ने क्रममा बहराइनका लागि इमरान अनवरले ५३ तथा फैज अहमदले ४८ रन बनाए । बलिङतर्फ कुवेतका लागि सैयद मोनिवले चार विकेट लिए ।

# यु–१६ राष्ट्रिय क्रिकेट : सुदूरपश्चिमको टोली घोषणा

**बैतडी /रासस–** सोह्र वर्षमुनिको राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सुदूरपश्चिमको टोली घोषणा गरिएको छ । नरेन भट्टको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरिएको सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका सचिव तेजप्रकाश भट्टले बताए ।

टोलीमा उपकप्तानमा युवराज खत्री, विकेटकिपरमा आशिष लुहार, राजेश ऐर, रितिक थापा, रविन भण्डारी, सुदीपसिंह कार्की, सचिन मल्ल, अशोक धामी, मेट्रिक्स थापा, डम्बर माझी, विक्रम साउँद, आशिष शाह र भुपेश जोशी रहेका छन् ।

यस्तै प्रजल सुनार, आरिस बोहरा, सचिन भट्ट र कृष शाही वैकल्पिक खेलाडीको रुपमा राखिएको छ । टिम प्रशिक्षकमा दीपेन्द्रबहादुर चन्द र व्यवस्थापकमा सुरेन्द्रबहादुर सिंहलाई जिम्मा दिएइको छ । वैशाख १ देखि ७ गतेसम्म अछाममा सञ्चालन भएको प्रदेशस्तरीय छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेको आधारमा टोली तयार गरिएको जनाइएको छ ।

राष्ट्रियस्तरीय छनोट प्रतियोगिता वैशाख १० गतेदेखि धनगढीमा सञ्चालन हुँदैछ । नेपाल क्रिकेट संघले मलेसियामा हुने १६ वर्षमुनिको इस्ट जोन कप क्रिकेट प्रतियोगितालाई मध्यनजर गर्दै जिल्ला, प्रदेश हुँदै राष्ट्रिय प्रतियोगिताको आयोजना गरेको हो ।

एसियन क्रिकेट काउन्सिलको कार्यक्रमअनुसार उक्त प्रतियोगिता अगामी जेठ ३ देखि १४ गतेसम्म मलेसियामा हुनेछ । सोही प्रतियोगितामा नेपाली टोली पनि सहभागी हुने नेपाल क्रिकेट संघले जनाएको छ ।


## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: SUPER BRIGHT HOSPITALITY L.C.C. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/१०/१२ चलानी नं.: ६०१९५६४६ LT. No.: 280136 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaner | 28 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading And Unloading Worker/helper | 27 | 0 | | 800 | २८,५६८ | | | | | | | |
| 3. | Packer | 9 | 0 | | 800 | २८,५६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १७ गते (30 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

P.T.SWIFT HR MANAGEMENT PVT. LTD
Dhumbarai-4, Kathmandu (Opposite of Vibor Hotel),
Landline No.: 01-5915721, Email: ptswift334@gmail.com
Contact No.: 9801121045, 9823668160, 9851180471

Swift
श्रम ईजाजत नं. १२०७/०७३/०७४


## Birendranagar Municipality
## Office 0f the Municipal Executive

**Birendranagar-Surkhet**
**Karnali Province-Nepal**

### Invitation of Electronic Bids

**Date Of First Publication: 2080/01/10 (2023-April-23)**

1. The Birendranagar Municipality Surkhet Invites Following Electronic Bids From The Eligible National Bidders Under National Competitive Bidding/Sealed Quotation.
2. The Detail Of The Project Is As Following:

| IFB No | Name of Project | Cost Estimate (without VAT and PS) | Bid Security (Nrs) | Last date of submission |
|---|---|---|---|---|
| NCB/BM/WORKS/079-080/21/re | thulo tharu gaaun hudai samaj kalyan jaane baato kalopatre tathaa starunnati | 2536454.14 | 76000 | may-7-2023 13 hr |
| NCB/BM/WORKS/079-080/22/re | Blacktop and road maintenance work of ward no 5 | 2201879.66 | 65000 | may-7-2023 13 hr |
| SQ/BM/WORKS/079-080/28 | Decoration of different chowks inside birendranagar municipality | 1703326.29 | 50000 | may-7-2023 13 hr |
| SQ/BM/WORKS/079-080/27 | Bageena Theater Construction Works | 1693196.738 | 50000 | may-7-2023 13 hr |

3. Eligible Bidder May Contact Office and Obtain Further Information From PPMO's Website: www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

## Invitation For Bids

## Jhapa Rural Municipality
## Office of Rural Municipal Executive

**Taghandubba, Jhapa**

### Invitation for Bids No: NCB/JHAPA/JRM/14/079-80

**Date of publication: 2023-04-23 (2080-01-10)**

1. [Jhapa Rural Municipality, Office of Rural Municipal Executive] invites electronic bids from Nepalese eligible bidders for the construction of [Supply and Delivery of Electrical pole Accessories] under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. [23,82,139.4 inclusive VAT].
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website **www.bolpatra.gov.np/egp**.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website **www.bolpatra.gov.np./egp**. Bidders, submitting their bid electronically, should deposit the cost Nrs. 3000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: NIC ASIA** **Name of Office: Jhapa Rural Municipality**
   **Office Code no. : 80101325** **Office Account no.: 2022050512514014**
4. Pre-bid meeting shall be held at [Jhapa Rural Municipality] at 11:00 AM on [2023-05-14 (2080/01/31)].
5. Electronic bids must be submitted to the office [Jhapa Rural Municipality] through PPMO website **www.bolpatra.gov.np/egp** on or before [12:00 PM] on [2023-05-23 (2080/02/09)]. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [1:00 PM on 2023-05-23 (2080/02/09)]. at the office of [Jhapa Rural Municipality]. Bids must be valid for a period of [90 days] after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs. 63,000.00 (In words Sixty Three Thousand only), which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## सुनकोशी गाउँपालिकाको कार्यालय

**रामटार, सिन्धुली**

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

**(सूचना प्रकाशित मिति : २०८०/०१/१०)**

यस सुनकोशी गाउँपालिकाको कार्यालय रामटार सिन्धुलीबाट तपशिल बमोजिम कार्य सम्बन्धी बोलपत्र (e-bid मार्फत) आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर र प्रोभिजनल रकम सहित) |
|---|---|---|---|---|
| 1 | SUNRM/NCB/20/079/080 | Tamling Kotgaun Road Upgradation Works; Work start point: Kotgaun Chowk | Tridevi Construction, Manthali, Ramechhap | NRs. 17,58,060.21 (In words Seventeen lakhs fifty eight thousands sixty rupees twenty one paisa only.) |
| 2 | SUNRM/NCB/22/079/080 | Nepalthok-Dharanidanda Khanepani Aayojana at Sunkoshi Rural Municipality 01, SIndhuli | A.B. Engineering Consultant And Construction Pvt. Ltd., Khandadevi Rural Municipality -2, Ramechhap | NRs. 52,12,828.15 (In words Fifty two lakhs twelve thousands eight hundred twenty eight rupees fifteen paisa only.) |
| 3 | SUNRM/NCB/23/079/080 | Matanbas Khola Chalise and Mulkhola Khanepani Aayojana at Sunkoshi Rural Municipality, Sindhuli | BRS Construction Manthali-1, Ramechhap | NRs. 60,01,917.21 (In words Sixty lakhs one thousands nine hundred seventeen rupees twenty one paisa only.) |

**प्रमुख प्रशासकिय अधिकृत**

# आयोजनाहरुमा अहिलेकै मात्रामा बजेट विनियोजन गर्ने हो भने सम्पन्न हुन ३६ वर्ष लाग्छ



नेपाल निर्माण व्यसायी महासंघले आफूहरुले गरेका कामको ठूलो मात्रामा सरकारबाट भूक्तान नपाएको, आयोजना सञ्चालनको लागि पेश्की नपाएको, कर्जाको पुनःतालिकीकरण र पुनःकर्जाको व्यवस्था नभएको भन्दै संघीय मन्त्रालय तह र अन्य सम्बन्धित निकायहरुमा भेटघाटलाई तिब्रता बनाएको छ । सरकारसँगको आवश्यक समन्वयको अभावमा हजारौं आयोजनाहरुको म्याद थप्नुपर्ने अवस्था रहेको महासंघले जनाएको छ । प्रस्तुत छ, यीनै समसामयिक विषयहरुमा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष **रवि सिंह**सँग मध्यान्ह दैनिकका लागि **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

**पछिल्लो समयमा निर्माण व्यवसायी महासंघले संघीय मन्त्रालय तहमा भेटघाटलाई निकै तिव्र बनाएको छ, सो क्रममा झण्डै एक खर्ब बराबरको भुक्तानी बाँकी रहेको र सहजिकरण गर्न तपाईंहरुले अनुरोध गरिरहनुभएको छ । कस्ता आयोजनाहरुमा काम गर्दा पैसा पाइरहनुभएको छैन ?**

खासगरी संघीय सरकारको पहलमा देशभरका स्थानीय तहमा निर्माण शुरु भएको अस्पतालहरुको भवन निर्माण कामबाट हामीले भुक्तानी पाउन सकिरहेका छैनौं । त्यसपछि संघीयताको कार्यान्वयन भएपछि संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा गएका आयोजनाहरुको भुक्तानीमा समस्या देखिएको छ । त्यस्तै, प्रदेशले शुरु गरेको आयोजनाहरु र खानेपानीको आयोजनाहरुबाट हामीले समयमा नै भुक्तानी पाउन सकिरहेका छैनौ ।

*अहिलेको समस्या ०७६ साल वैशाख ३० गते आएको छैटौं संशोधनले निम्त्याएको हो । अहिले अत्याधिकरुपमा मूल्यवृद्धि भएको छ, मूल्यवृद्धिलाई समायोजन गर्नुपर्‍यो । ७४ रुपैयाँको डिजेलको मूल्य अहिले १६५ मा आइपुगेको छ । यसैको कारण पनि लागत अत्यधिक पर्न गएको छ । हाम्रो माग उच्च भइरहेको लागत मूल्यलाई समायोजन गरिदिनुपर्‍यो भन्ने हो ।*

**तपाईंहरुले आयोजनाहरुमा पेश्की रकम पनि वृद्धि गर्न माग गर्नुभएको हो ?**

पहिला ऐनमा नै २० प्रतिशत पेश्की दिने व्यवस्था भएकोमा घटाएर १० प्रतिशत बनाइएपछि हामीलाई आयोजना सञ्चालनको लागि शुरुवातमै पैसा भएन जसले गर्दा हामीले समयमा नै आवश्यकता अनुसारको खरिद गर्न सकेनौं । त्यसले गर्दा उद्योगहरुपनि संकुचित अवस्थामा गए भने यसकै असर बैंकहरुमा समेत पर्न पुगेको छ । पछिल्लो समयमा बैंकहरुसँग व्यवसायीहरुको विश्वसनीयता पनि बिग्रन पुग्यो, जसकारणले गर्दा बैंकहरुले थप लगानी गर्न सकेनन् ।

अहिले हामीले नेपाल राष्ट्र बैंकसँग पुनःकर्जाको माग गरेका छौं । हाम्रो ब्याज र किस्ता जतिपनि छ त्यसलाई पुनः तालिकीकरण गरेर थप दुई वर्ष समय थपको लागि हामीले माग गरेका छौं ।

**तपाईंहरुको मागलाई संघीय मन्त्रालय र राष्ट्र बैंकले कसरी लिएका छन्, के समस्याको सम्बोधन हुन्छ ?**

अहिलेको समस्या ०७६ साल बैशाख ३० गते आएको छैठौं संशोधनले निम्त्याएको हो । अहिले अत्याधिक रुपमा मूल्यवृद्धि भएको छ, मूल्यवृद्धिलाई समायोजन गर्नुपर्‍यो । ७४ रुपैयाँको डिजेलको मूल्य अहिले १६५ मा आइपुगेको छ । यसैको कारण पनि लागत अत्याधिक धेरै पर्न गएको छ । हाम्रो माग उच्च भइरहेको लागत मूल्यलाई समायोजन गरिदिनुपर्‍यो भन्ने हो । उहाँहरुले यसलाई सकारात्मक रुपमा लिनुभएको छ ।

**चालु आर्थिक वर्षमा पुरा हुनुपर्ने नयाँ र पुराना कति आयोजनाहरु सम्पन्न हुन नसक्ने अवस्थामा पुगेका छन्, जसको तपाईंहरुले म्याद थप माग गर्नुभएको छ ?**

पुराना झण्डै तीन हजार आयोजनाहरुको म्याद थप भएर आएको अवस्था छ । झण्डै सोही संख्याका आयोजनाहरु समय थपिएको समयमा सम्पन्न नहुने अवस्थामा पुगेका छन् । किनभने यो वर्ष धेरै ढिलो गरेर म्याद थप गर्ने काम भयो । वर्षाको समयमा असोज महिनासम्म निर्माण सामग्री उत्खनन् गर्न नदिने व्यवस्था छ । त्यसपछि दशैं भयो, त्यसपछि निर्वाचन भयो र त्यसपछि गृहमन्त्रालयको निर्देशनमा क्रसर बन्द भयो । हामीसँग आयोजनाहरुमा परिचालन गर्ने पुंजीको पनि अभाव भयो । यी कारणहरुले गर्दा काम हुन सकेन ।

हामीले ०८० असार मसान्तमा म्याद थप हुँदैगर्दाखेरी अहिले यी भएका सबै समस्याहरुलाई पनि सम्बोधन गर्नपर्‍यो र बजेटको पनि व्यवस्था गर्नुपर्‍यो । हाम्रो कर्जाको पुनःतालिकीकरण गर्दै पुनःकर्जा दिनुपर्‍यो भन्ने मागसमेत हामीले राखेका छौं ।

**सार्वजनिक खरिद नियमावलीको संशोधनले पनि रेकर्ड नै राख्ने भयो नी, के समस्याहरुलाई एकैपटक हल गर्ने उपायहरु छैनन् ?**

हो, त्यसो हुन गएको छ । ०७६ साल बैशाख ३० गते गरिएको संशोधनले निर्माणको गतिविधिमा समस्या ल्याएको थियो । ०७७ र ०७८ साल कोभिड नै भयो र ०७९ सालमा म्याद थप गर्ने काम ढिलो भएको भएर काम हुन सकेन । ०७८ साल कात्तिक तिर म्याद थप भएर आएको भए काम पनि राम्रोसँग हुने थियो, जुन म्याद थप गर्ने काम ०७९ साल साउनमा आएर मात्रै गर्ने काम भयो । कतिपय कामहरु जग्गा व्यवस्थाको अभावले रोकिएका छन र अहिलेकै मात्रमा आयोजनाहरुमा बजेट व्यवस्था गर्ने हो भने हामीले जिम्मेवारी लिएका कामहरु सम्पन्न गर्न ३६ वर्ष लाग्छ ।

## अर्थतन्त्रमा सुधारको संकेत देखा परेको छ : प्रधानमन्त्री प्रचण्ड

**काठमाडौं / रासस** – प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुकको अर्थतन्त्रमा सुधारको संकेत देखा परेको बताएका छन् । उनले ढुक्क हुने अवस्थामा नपुगेको र चुनौती भने कायम रहेको बताएका छन् ।




प्रधानमन्त्री प्रचण्डले सामूहिक प्रयासबाट मात्रै अर्थतन्त्रको समस्या समाधान गर्न सकिन्छ भन्ने विश्वासका साथ सरकार लागिपरेको उल्लेख गरे । ‘बाह्रखरी मिडिया’ले गोकर्ण रिसोर्टमा आयोजना गरेको ‘एनसेल बाह्रखरी गल्फ र आर्थिक परिसंवाद’ कार्यक्रमलाई सम्बोधन गर्दै उनले अन्तर्राष्ट्रिय क्षेत्रमा विकास भएका मूल्यमान्यता, दर्शनको अध्ययनका अलावा नेपाली समाजको नै खास अर्थमा अध्ययन तथा विश्लेषण गरेर नेपाली जनताको दीर्घकालीन हितका लागि लागिपर्नुपर्ने बताए ।

प्रधानमन्त्री प्रचण्डले विचार, सिद्धान्त, राजनीति मूल्य र मान्यताको कुरा हराउँदै गएको उल्लेख गरे । उनले नेपालमा उपभोक्तावाद र तत्काल नाफा नोक्सानतिर अघि बढ्दा राष्ट्र र आमजनताको हित प्राथमिकतामा नपरेको स्पष्ट पारे । देशमा जनता र समाजको हितभन्दा तत्कालीन विषय र नाफा नोक्सान प्राथमिकतामा पर्ने गरेको उनको भनाइ थियो ।

प्रधानमन्त्री प्रचण्डले राजनीतिमा पनि आवेग र सेन्टिमेन्टतर्फ विषय जाने हो कि भन्ने खतरा देखापरेको तथ्य पेस गरे । नेपालमा विकसित भएको मूल्य मान्यतातर्फ नै केन्द्रित गर्नुपर्नेमा विदेशमा स्थापित भएका मूल्य र मान्यतालाई मात्रै मान्नुपर्छ भन्ने सोचले काम गरिरहेको उनको भनाइ थियो ।

प्रधानमन्त्री प्रचण्डले विदेश र विदेशी भन्नेबित्तिकै राम्रो र नेपाली नराम्रो भन्ने मानसिकता त्यागेर मात्र राष्ट्रिय अर्थतन्त्रको निर्माण र समृद्ध नेपाल सम्भव हुने बताए । विदेशका अनुभव, शिक्षा र दृष्टान्तलाई बढी महत्व दिएर नेपाली विशेषता र मौलिकता नभुल्न सहभागीलाई उनले आग्रह गरे ।

प्रधानमन्त्री प्रचण्डले भने, ‘हामीले विश्व पढ्नैपर्छ, विश्वका अनुभव र दृष्टान्त पनि पढ्नुपर्छ, तर त्यसभन्दा बढी नेपालको इतिहास पढ्नुपर्दछ, हाम्रो अर्थराजनीतिक चरित्र, हाम्रो विशेषता र मौलिकता पढ्नुपर्छ, हामीकहाँ विदेशी भन्नेबित्तिकै राम्रो, नेपाली चाहिँ नराम्रो भन्ने मानसिकता पनि देखिन्छ, यसले राष्ट्रिय अर्थतन्त्र निर्माण, समृद्धि र स्वाधीनतालाई सहयोग गर्दैन, विश्वका मोडेल र अनुभव पढ्दै गर्दा हामीले हाम्रो आफ्नोपन पढौं र सोहीअनुरूप नीति तय गरौं ।’

अर्थनीति र अर्थतन्त्रबारे विश्वमा आआफ्नै मोडेल रहेको उल्लेख गर्दै उनले भने, ‘नवउदारवाद र समाजवादी अर्थतन्त्रका आआफ्नै चरित्र र विशेषता छन्, तर त्यसलाई हुबहु अवलम्बन गरेर हाम्रो अर्थनीति बनाउन सकिँदैन ।’ प्रधानमन्त्री प्रचण्डले हाम्रो अर्थराजनीति, उत्पादन पद्दति अरूको भन्दा मौलिक रहेको उल्लेख गर्दै यसमा धेरै व्यक्ति अल्मलिएको बताए । हाम्रो संविधानले निजी, साझेदारी र सहकारीको तीनखम्बे अर्थनीति अवलम्बन गरेकाले विश्वका अरू मोडेलसँग हुबहु नमिल्ने उनले बताए ।

संघीय लोकतान्त्रिक गणतन्त्रभित्र राष्ट्र निर्माण र समृद्धिको मार्गचित्र स्पष्टतापूर्वक राखिएको प्रधानमन्त्री प्रचण्डले बताए । उनले भने, ‘हामीले तीन तहको सरकारको अवधारणा अभ्यास गरिरहेका छौं, यसभित्र निकै ठूलो अर्थ छ, हामीले केन्द्रिकृत मानसिकता भत्काएर अवसर र विकासलाई तलसम्म लैजाने संकल्प गरेका छौं, तर हाम्रो मानसिकता चाहेजस्तो बदलिएको छैन, हाम्रो कर्मचारीतन्त्र, सुरक्षा संयन्त्र पुरानो सोचबाट माथि उठ्न सकेको देखिएको छैन, संघीयता र परिवर्तनको आत्मसातीकरण गर्न सकेको देखिँदैन, यसमा अझै मेहनत गर्न आवश्यक छ ।’

आमजनतालाई आर्थिक विकास र सामाजिक मूल्य र मान्यतामा स्थापित गर्ने सोचका साथ तीन तहको सरकार स्थापना गरिएको भए पनि अझै पनि सिंहदरबार केन्द्रित सरकारको मानसिकता परिवर्तन हुन नसकेको प्रधानमन्त्री प्रचण्डले बताए । देश संघीयतामा गए पनि सिंहदरबारको मानसिकतामा परिवर्तन आउन नसकेको उनले उल्लेख गरे ।

‘आमजनतालाई आर्थिक र राजनीतिक क्रियाकलापमा कसरी संलग्न गराउन सकिन्छ भनेर तीन तहको सरकार बनाइएको हो । तर, अहिले पनि हामी सिंहदरबारको सोचबाट मुक्त हुन सकेका छैनौं’, प्रधानमन्त्री प्रचण्डले भने । नेपालको संविधान समाजवाद र पुँजीवादका राम्रा कुरा समावेश गरेर नेपालको संविधान निर्माण भएको उनले स्पष्ट पारे । नवउदारवाद र समाजवादका कुरा गर्दागर्दै पनि आम नेपालीको सोचमा अझै स्पष्टताको अभाव रहेको उनले बताए ।

नेपालको आर्थिक, सामाजिक, दार्शनिक अध्ययन नगरी विदेशी नीति पछ्याउने क्रम चलेको भन्दै प्रधानमन्त्री प्रचण्डले यस्तो सोच उचित नहुने बताए । अन्तर्राष्ट्रिय क्षेत्रमा विकास भएका मान्यताका अध्ययन गर्नै पर्ने भए पनि नेपालका लागि नेपालकै नीति र सोचलाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो ।

निजी क्षेत्रलाई सम्मान गरेर अगाडि जान सरकार तयार रहेको भए पनि हाम्रो सोचमा परिवर्तन हुन नसकेको प्रधानमन्त्री प्रचण्डले बताए । आफूले गरेको निरन्तर प्रयासका बाबजुद राजस्व संकलनमा वृद्धि भएको, वैदेशिक मुद्राको सञ्चितीमा वृद्धि हुँदै गएको, ब्याजदर क्रमशः ओरालो लाग्दै गएको तथ्य उनले पेस गरे । प्रधानमन्त्री प्रचण्डले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा केही सुधारका महत्वपूर्ण एजेण्डा स्थापित गरेर जाने विश्वास दिलाए । उनले निजी क्षेत्रको हित र चासोविपरीत गएर कुनै पनि ऐन तथा कानुन नबनाउने विश्वास दिलाए ।

## अख्तियारको कार्यक्षेत्रमा निजी क्षेत्रलाई समेट्ने तयारीमा चेम्बरको ध्यानाकर्षण

**काठमाडौं / मस** - अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजी क्षेत्रमा पनि अनुसन्धान गर्न पाउने गरी कानुन संशोधन गर्ने सरकारको तयारीप्रति नेपाल चेम्बर अफ कमर्सले विरोध जनाएको छ । अख्तियारको दायराभित्र ल्याउने व्यवस्था संविधान अनुकूल नहुने र समग्र उद्योगी व्यवसायीको मनोबल घटाउने ठहर गर्दै चेम्बरले विरोध गरेको हो ।

निजी क्षेत्रमा नियमन गर्ने सम्बन्धित निकायहरू हुँदा हुँदै थप अख्तियारको क्षेत्राधिकार भित्र पार्न खोज्दा बेथिति बढ्ने र उद्योगी व्यवसायीहरू हतोत्साहित हुने चेम्बरले जनाएको छ । नेपाल चेम्बर अफ कमर्सद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘निजी क्षेत्रमा समेत अनुसन्धान गर्न सक्ने प्रस्तावित व्यवस्थाले निजी क्षेत्रको कार्यक्षमतामा ह्रासका साथै वैदेशिक लगानी समेत प्रभावित हुने देखिन्छ ।’अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ लाई संशोधन गर्न बनेको विधेयक उत्पत्ति हुँदा त्यस्तो व्यवस्था नभएको चेम्बरले स्पष्ट रूपमा ध्यानाकर्षण गराएको छ । चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘अख्तियारले निजी क्षेत्रमा पनि अनुसन्धान गर्न सक्ने व्यवस्था समावेश गरी राष्ट्रियसभाबाट प्रतिनिधिसभामा पठाएको प्रति चेम्बरको गम्भीर असहमति छ ।’ चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले अख्तियारको कार्यक्षेत्रभित्र निजी क्षेत्रलाई समावेश गर्न नहुने बताउँदै भने, ‘संशोधन विधेयकमा उल्लेखित बैङ्क, वित्तीय संस्था, उद्योग, पब्लिक कम्पनी, स्वास्थ्य संस्था लगायतका क्षेत्रलाई अख्तियारको दायराभन्दा बाहिर राख्नुपर्छ ।’


### गौरादह नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**गौरादह, झापा**
**कोशी प्रदेश, नेपाल**

### उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**